संघ

प्रथम अध्याय

संघका कर्तव्यहरू

१
भिक्षुहरू

१. कुनै पनि व्यक्ति जो मेरो शिष्य हुन चाहन्छ उसले आफ्नो परिवारसँग, संसारका सबै सामाजिक जीवनसँग एवं सम्पत्तिमाथिको सबै निर्भरतासँगका सम्पूर्ण प्रत्यक्ष सम्बन्ध परित्याग गर्न इच्छुक हुनुपर्दछ।

कुनै पनि व्यक्ति जसले धर्मको निमित्त यस्ता सबै सम्बन्धको परित्याग गरी सकेको हुन्छ , उसको शरीर तथा मनका निमित्त कुनै स्थायी ठाउँ हुँदैन र यस्तालाई भिक्षु भनिन्छ।

यद्यपि मेरा पद चिन्हहरूमा उसको पाइलाले पनि चिन्ह छाडेको हुन्छ र उसको हातले मेरो चीवर बोकेको हुन्छ , तर यदि उसको मन लोभले विचलित भएको हुन्छ भने, ऊ मभन्दा धेरै टाढा हुन्छ। यद्यपि उसले भिक्षुको भेष धारण गरेको हुन्छ , तर उपदेश स्वीकार गर्दैन भने उसले मलाई देख्न सक्दैन।

तर यदि उसले सम्पूर्ण लोभको परित्याग गरी सकेको छ एवं उसको मन विशुद्ध तथा शान्त छ भने, ऊ हजारौ मील टाढा भए तापनि मेरो ज्यादै निकट हुन्छ। यदि उसले धर्म ग्रहण गऱ्यो भने उसले त्यसमा मलाई देख्दछ।

२. मेरा शिष्यहरू, भिक्षुहरूले चार नियमहरू पालन गर्नै पर्दछ अनि तिनीहरूमाथि आफ्नो जीवन निर्माण गर्नुपर्दछ ।

पहिलो, उनीहरूले पुरानो तथा फ्याँकिएको चीवर लगाउँछन् ; दोस्रो, उनीहरूले भिक्षाटनबाट आफ्नो भोजन प्राप्त गर्दछन् ; तेस्रो, तिनीहरूको घर त्यही हुन्छ जहाँ रात्रीले उनीहरूलाई पुऱ्याउँछ , त्यो रुखमुनि हुन सक्दछ अथवा चट्टानमाथि हुन सक्दछ ; चौथो, उनीहरूले संघद्वारा निर्धारित गरिएको गाईको मूत्रबाट बनेको विशेष औषधीमात्र सेवन गर्दछन् ।

हातमा पात्र लिएर घर घर जानु भिखारीको जीवन हो, तर कसैले पनि भिक्षुलाई यस्तो गर्न कर लगाउँदैन, उसलाई परिस्थिति अथवा प्रलोभनले यस्तो वाध्यता गर्दैन, उसले आफ्नो स्वेच्छाद्वारा नै यस्तो गर्दछ , किनभने उसलाई थाहा छ , विश्वासको जीवनले मोहको जीवनलाई टाढा राख्दछ , दुःखलाई परित्याग गर्न उसलाई मद्दत गर्दछ र ज्ञान प्राप्तितर्फ उसलाई लग्दछ ।

भिक्षुको जीवन सजिलो जीवन होइन, यदि कसैले आफ्नो मनलाई लोभ र क्रोधबाट मुक्त गर्न सकेको छैन , अनि उसले आफ्नो मन र पाँच इन्द्रियहरूलाई नियन्त्रित गर्न सकेको छैन भने उसले यो जीवन ग्रहण गर्नु हुँदैन ।

३. जसले आफूलाई भिक्षु हुँ भनी विश्वास गर्दछ अनि मानिसहरूले सोधेको बेला जुनबेला पनि आफू भिक्षु भएको कुरा बताउन सक्ने व्यक्तिले निम्नअनुसार भन्न सक्दछ :

“भिक्षु हुन म जे आवश्यक भए पनि गर्न तत्पर छु । म यस

कुराप्रति निष्कपट हुनेछु एवं यो हुने उद्देश्य पूर्ण गर्ने प्रयास गर्नेछु। मलाई दानद्वारा जसले सहायता गर्दछन् म उनीहरूप्रति कृतज्ञ हुनेछु तथा मेरो निष्कपटता अनि असल जीवनद्वारा उनीहरूलाई प्रसन्न पार्ने प्रयत्न गर्नेछु।"

भिक्षु हुन उसले विभिन्न किसिमले आफ्नो साधना गर्नु पर्दछ : जब ऊ असफल हुन्छ उसले लाज र अनादरप्रति सचेत रहनु पर्दछ ; उसले आफ्नो जीवन पवित्र राख्ने हो भने उसको शरीर ,वाणी र मन पनि पवित्र राख्नु पर्दछ ; उसले पाँचै इन्द्रियहरूका ढोकाहरूलाई रक्षा गर्नुपर्दछ ; कुनै क्षणिक आनन्दका निमित्त उसले आफ्नो मनमाथिको नियन्त्रण खुकुलो पार्नु हुँदैन ; उसले आफ्नो प्रशंसा गर्नुहुँदैन न त अरुको निन्दा गर्नु हुन्छ र ऊ अल्छी हुनुहुँदैन, न त धेरै सुत्नु हुन्छ।

साँझ शान्तिपूर्वक बसेर केही ध्यान गर्ने समय ऊसँग हुनुपर्दछ तथा सुत्न जानुभन्दा अघि केही हिँड्नु पर्दछ। शान्त निद्राका निमित्त ऊ दुबै खुट्टा जोडेर दाहिनेतिर फर्केर सुत्नुपर्दछ र निदाउनु भन्दा अघि उसको अन्तिम विचार अर्को दिन बिहान कति बजे उठ्ने हो त्यसका सम्बन्धमा हुनु पर्दछ। बिहानीपख पनि केही बेर शान्तिपूर्वक बसेर ध्यान गर्नुपर्दछ र त्यसपछि केही बेर हिड्नु पर्दछ।

दिनभरी उसले आफ्नो मन सदैव जागरुक राखी शरीर र मनलाई नियन्त्रणमा राख्दै लोभ, क्रोध, अज्ञान, निद्रावस्था, असावधानी, पश्चाताप, सन्देह र सम्पूर्ण सांसारिक तृष्णाहरू तर्फको प्रवृत्तिलाई प्रतिरोध गर्नुपर्दछ।

यसरी एकाग्र चित्तले उसले उत्कृष्ट प्रज्ञा फिँजाउनु पर्दछ तथा पूर्ण ज्ञान प्राप्तिका निमित्त मात्र लक्ष्य राख्नु पर्दछ।

४. यदि भिक्षु , आफूलाई बिर्सेर लोभ, द्वेष, ईर्ष्या, घमण्ड, आत्मप्रशंसा अथवा कपटतर्फ खस्दछ भने उसले एउटा मसिनो कपडाले मात्र बेरेको दुई धारे तीखो तरबार लिएर हिँडे जस्तै हो।

कुनै पनि व्यक्तिले भिक्षुको चीवर लगाएर एउटा हातमा भिक्षा पात्र लिँदैमा त्यो व्यक्ति भिक्षु हुँदैन ; उसले सजिलै धर्मशास्त्र वाचन गर्दैमा ऊ भिक्षु हुँदैन ; ऊ त केवल एउटा परालको मानिस बाहेक बढी केही होइन।

यदि उसको बाहिरी रूप एक भिक्षुको भए पनि उसले सांसारिक तृष्णा हटाउन सक्दैन, ऊ भिक्षु हुन सक्दैन, ऊ भिक्षुको चीवर लगाएको एउटा शिशु भन्दा बढी केही हुन सक्दैन।

ती व्यक्तिहरू जो मनलाई एकाग्र राखी नियन्त्रणमा राख्न सक्दछन् , जो प्रज्ञा धारण गर्दछन् , जसले सबै सांसारिक तृष्णाहरूको परित्याग गरिसकेका हुन्छन् र जसको एक मात्र उद्देश्य ज्ञान प्राप्त गर्नु हो ; तिनलाई मात्र सच्चा भिक्षु भन्न सकिन्छ।

एक सच्चा भिक्षुले आफ्नो रक्तको अन्तिम थोपा समाप्त गर्नु परे पनि तथा आफ्नो हाड टुक्रा टुक्रा भएर चूर्णमा परिणत भए पनि ऊ ज्ञानको आफ्नो लक्ष्यमा पुग्न कृतसंकल्प हुन्छ। त्यस्तो व्यक्ति

आफ्नो शक्तिले भ्याएसम्म प्रयत्न गरेर, अन्ततोगत्वा लक्ष्य प्राप्त गर्दछ र यसको प्रमाण भिक्षुले गर्नुपर्ने धर्मकार्य गर्ने क्षमताद्वारा प्रस्तुत गर्दछ।

५. कुनै पनि भिक्षुको जीवनको मुख्य उद्देश्य बुद्धको उपदेशको ज्योतिलाई फिँजाउँदै लैजानु हो। उसले सबै व्यक्तिमा धर्म प्रचार गर्नुपर्दछ , उसले निद्रामा भएका व्यक्तिहरूलाई बिउँझाउनु पर्दछ ; उसले मिथ्या विचार सच्याउनु पर्दछ। उसले मानिसहरूलाई सम्यक् दृष्टि राख्न सहायता गर्नुपर्दछ ; उसले उपदेशलाई व्यापक रूपले फिजाउन आफ्नो जीवन जोखिममा पर्न गए पनि, सबैतिर जानु नै पर्दछ।

कुनै पनि भिक्षुको जीवनको मुख्य उद्देश्य सजिलो हुँदैन, तसर्थ, जसले यसको आकांक्षा गर्दछ उसले बुद्धको पोशाक लगाउनु पर्दछ , बुद्धको आसनमा बस्नु पर्दछ र बुद्धको कक्षमा प्रवेश गर्नुपर्दछ।

बुद्धको पोशाक लगाउनु भनेको विनम्र भई सहनशीलताको अभ्यास गर्नु हो ; बुद्धको आसनमा बस्नुको अर्थ सबै कुरालाई शून्यताको रूपमा देख्नु हो र आशक्तिरहित हुनु हो ; बुद्धको कक्षमा प्रवेश गर्नु भनेको उनको सर्वव्यापी करुणाको सहभागी हुनु हो एवं सबैसँग सहानुभूति राख्नु हो।

६. जुन व्यक्तिहरू बुद्ध धर्मको उपदेश दिन चाहन्छन् उनीहरूले चार वस्तुहरूमाथि ध्यान राख्नु पर्दछ : पहिलो, उनीहरूले आफ्नै व्यवहारप्रति सजग रहनु पर्दछ ; दोस्रो, उनीहरूले व्यक्तिहरूसँग कुरा गर्दा एवं उपदेश दिँदा कस्ता शब्दहरूको प्रयोग गर्ने हो त्यस कुरामाथि ध्यान राख्नु पर्दछ ; तेस्रो, उनीहरूले आफ्नो उपदेशको लक्ष्य र कस्तो उद्देश्य प्राप्त गर्न खोजेको हो त्यस विषयमा ध्यान राख्नु पर्दछ र चौथो, उनीहरूले महाकरुणाप्रति ध्यान राख्नु पर्दछ ।

प्रथमत, धर्मको असल उपदेशक हुन सबभन्दा पहिले भिक्षुले आफ्नो खुट्टा सहनशीलताको भूमिमा राम्ररी अडाउनु पर्दछ ; ऊ विनम्र हुनुपर्दछ ; ऊ कट्टर हुनुहुँदैन अथवा प्रचारको तृष्णा राख्नु हुँदैन ; उसले निरन्तर वस्तुहरूको शून्यताको पक्षमाथि विचार गरी राख्नु पर्दछ ; एवं उसले कुनै वस्तुप्रति आशक्ति राख्नु हुँदैन । यदि उसले यी कुराहरूमाथि विचार राख्यो भने, उसले राम्रो आचरण राख्न सक्नेछ ।

दोस्रोमा, उसले मानिसहरू एवं परिस्थितिहरूका समक्ष जाँदा, सावधानीपूर्वक कार्य गर्नुपर्दछ । उसले कुत्सित जीवन बिताई राखेका अथवा अधिकार प्राप्त व्यक्तिहरूभन्दा टाढा बस्नु पर्दछ ; उसले विपरीत लिङ्गसँग जोगिनु पर्दछ । त्यसपछि उसले बडो मैत्रीपूर्ण किसिमले मानिसहरू भेट्नु पर्दछ ; उसले सदैव यी विचार गर्नुपर्दछ, वस्तुहरूको उदय हेतु र परिस्थितिहरूको संयोगले हुन्छ , एवं त्यस बिन्दुबाट हेर्दा उसले मानिसहरूलाई दोष दिनु हुँदैन अथवा तिनको निन्दा गर्नुहुँदैन, अथवा उनीहरूको गल्तीका सम्बन्धमा बोल्नु हुँदैन, अथवा उनीहरूलाई हेय दृष्टिले हेर्नु हुँदैन ।

तेस्रोमा, उसले बुद्धलाई आफ्नो आध्यात्मिक पिता मानेर, ज्ञान प्राप्तिको साधनामा लागेका अन्य भिक्षुलाई आफ्ना उपदेशकहरू ठानेर

आफ्नो मनलाई शान्त राख्नु पर्दछ , एवं प्रत्येक व्यक्तिलाई ठूलो करुणाको दृष्टिले हेर्नु पर्दछ। अनि सबै मनुष्यहरूलाई उसले समान रूपले उपदेश दिनुपर्दछ।

चौथोमा, बुद्धले जस्तै उसले आफ्नो करुणाको भावनालाई पूर्ण रूपले प्रकट हुन दिनुपर्दछ। विशेष गरी उसले आफ्नो करुणाको भावनालाई ज्ञान प्राप्तिको विषयमा पर्याप्त जानकारी नपाएका व्यक्तिहरूसम्म पुऱ्याउनु पर्दछ। मानिसहरू ज्ञान प्राप्त गर्न चाहन्छन् भनी कामना गर्नुपर्दछ र त्यसपछि उसले इच्छा पूरा गर्ने कार्यमा उनीहरूको चाख जगाउन निःस्वार्थ प्रयत्न गर्नुपर्दछ।

२

उपासकहरू

१. अघि नै स्पष्ट गरिएको छ , बुद्धको शिष्य हुन कुनै पनि व्यक्तिले बुद्ध , धर्म र संघ ; यी त्रिरत्नमा विश्वास राख्नै पर्दछ।

उपासक हुन बुद्धमाथि अविचलित श्रद्धा हुनुपर्दछ , उनको उपदेशमाथि विश्वास गर्नै पर्दछ एवं शीलको अध्ययन गरी तिनलाई व्यवहारमा उतार्नु पर्दछ र संघको उपासना गर्नुपर्दछ।

उपासकहरूले सदाचारका पाँच शीलहरू पालन गर्नुपर्दछ : हत्या नगर्नु , चोरी नगर्नु , व्यभिचार नगर्नु , असत्य नबोल्नु अथवा छल नगर्नु र मादक पदार्थको सेवन नगर्नु।

उपासकहरूले त्रिरत्नमा विश्वास गरेर आफैले मात्र शीलहरू राख्न हुँदैन, तर जहाँसम्म उनीहरूले सक्दछन् तिनको पालना अरुहरूबाट पनि गराउनु पर्दछ , विशेष गरी उनीहरूका नातागोता एवं मित्रहरूलाई उनीहरूमा बुद्ध , धर्म तथा संघप्रति अविचलित विश्वास जगाउने प्रयत्न गर्नुपर्दछ , जसले गर्दा उनीहरू पनि बुद्धको करुणाको सहभागी हुन सकून् ।

उपासकहरूले त्रिरत्नमा विश्वास गरेको कारण तथा उनीहरूले शीलहरू ग्रहण गरेको कुरा अन्ततोगत्वा आफूलाई ज्ञान प्राप्त गर्न सक्षम बनाउनु हो भन्ने कुरा सदैव स्मरण गर्नु पर्दछ र त्यसै कारणले उनीहरूले तृष्णाको संसारमा रहँदारहँदै पनि यस्ता तृष्णासँगको आशक्ति परित्याग गर्नुपर्दछ ।

उपासकहरूले यो कुरा सदैव ध्यानमा राख्नुपर्दछ , छिटो अथवा ढीलो उनीहरूले आफ्ना मातापिता तथा परिवारलाई त्याग्न बाध्य हुनुपर्दछ एवं जन्म र मरणको यस जीवनलाई छाड्नु पर्दछ ; तसर्थ, उनीहरूले यस जन्मका वस्तुहरूसँग आशक्त भएर बस्नु हुँदैन, परन्तु आफ्नो मनलाई ज्ञानको संसारतर्फ लगाइराख्नु पर्दछ ।

२. यदि उपासकहरू बुद्धका उपदेशप्रति निष्कपट एवं निश्चल विश्वास जाग्रत गराउन चाहन्छन् भने, उनीहरूले आफ्नो मनमा शान्त र निश्चल आनन्दको अनुभव गर्नुपर्दछ , जसले उनका सम्पूर्ण परिधिलाई प्रकाशित गर्नेछ र पुनः उनीहरूप्रति प्रतिबिम्बित हुनेछ ।

विश्वासको यो मन पवित्र र नम्र हुन्छ , सदैव धीर तथा सहनशील हुन्छ , कहिल्यै पनि विवाद गर्दैन, कहिल्यै पनि अरुलाई दुःख पुऱ्याउँदैन, तर सदैव आफ्नो मनमा बुद्ध , धर्म र संघको त्रिरत्नप्रति विचार गरी राख्दछ। यसरी उनीहरूको मनमा सुखको उदय स्वतः हुन्छ एवं ज्ञानको ज्योति सबैतिर पाइन्छ।

श्रद्धाको माध्यमद्वारा नै तिनीहरू बुद्धको हृदयमा विश्राम गरीराखेका हुन्छन, त्यसै कारणले तिनीहरू स्वार्थी मन तथा तिनको सम्पत्तिको आशक्तिभन्दा टाढा राखिन्छन् , तसर्थ तिनीहरूलाई आफ्नो दैनिक जीवनका सम्बन्धमा कुनै डर हुँदैन अथवा कसैले आलोचना गर्ला भन्ने कुराको पनि डर हुँदैन।

भावी मृत्युका सम्बन्धमा उनीहरूलाई कुनै डर हुँदैन, किनभने उनीहरूलाई बुद्ध भूमिमा जन्मने विश्वास हुन्छ। उनीहरूलाई सत्य एवं उपदेशको पवित्रतामा विश्वास हुन्छ त्यसैले आफ्नो विचार स्वतन्त्रतापूर्वक एवं निडर बनेर प्रकट गर्न सक्दछन्।

तिनको मनमा सबै मनुष्यहरूका निमित्त करुणा भरिएको हुन्छ, तिनीहरू उनीहरूमा कुनै विभेद गर्दैनन् , बरु सबैप्रति समान व्यवहार गर्दछन्। उनीहरूको मन रुचि र अरुचिभन्दा स्वतन्त्र हुने हुँदा यो पवित्र र समदर्शी हुन्छ अनि कुनै पनि असल कार्य गर्न आनन्दित हुन्छन्।

तिनीहरू विपत्ति अथवा समृद्धि जेसुकैमा रहे पनि उनको विश्वासको वृद्धि गर्न यसले कुनै अन्तर पार्दैन। यदि उनीहरूले विनम्रताको उपासना गर्दछन् भने, यदि उनीहरूले बुद्धको उपदेशको सम्मान गर्दछन् भने, यदि तिनीहरू आफ्नो वचन र कार्यमा एकनास

छन् भने, यदि उनीहरू प्रज्ञाद्वारा निर्देशित हुन्छन् भने, यदि तिनको मन एक पवित्र पर्वत जस्तै अचल छ भने, उनीहरूले ज्ञानको मार्गमा अविरल प्रगति गर्न सक्ने छन् ।

यद्यपि तिनीहरू कठिन स्थिति तथा अपवित्र मन भएका मानिसहरूको बीच बस्न वाध्य हुनुपर्ने भए तापनि, यदि तिनीहरूले बुद्धमा श्रद्धाको उपासना गरे भने, तिनीहरूले उनीहरूलाई असल कार्यप्रति निर्देशित गर्न सक्नेछन् ।

३. तसर्थ, प्रत्येक व्यक्तिले सर्वप्रथम बुद्धको उपदेश सुन्ने इच्छा राख्नु पर्दछ ।

यदि कसैले उसलाई ज्ञान प्राप्त गर्न अग्निको मार्ग भई जान आवश्यक छ भनी भन्यो भने, उसले त्यस्तो अग्निको मार्ग भई जान तत्पर रहनु पर्दछ ।

बुद्धको नाम सुन्न पाउँदा प्राप्त हुने सन्तुष्टिका निमित्त, आगोले भरिएको संसारबाट हिड्नुसमेत उचित ठान्नु पर्दछ ।

यदि कसैले बुद्धको उपदेश पालना गर्ने इच्छा राख्दछ भने ऊ अहंकारी तथा हठी हुनु हुँदैन तर उसमा सबैप्रति सदिच्छाको भावना हुनुपर्दछ ,उसले सम्मान गरिन योग्यहरूको सम्मान गर्नुपर्दछ , उसले सेवा गरिने योग्यहरूको सेवा गर्नुपर्दछ तथा सबैप्रति समान रूपले दयाको व्यवहार गर्नुपर्दछ ।

यसरी, उपासकहरूले आफ्नो मनलाई सबभन्दा पहिला साधनामा लगाउनु पर्दछ र अरुहरूको कार्यबाट विचलित हुनुहुँदैन। यस प्रकार उनीहरू बुद्धको उपदेश प्राप्त गर्न सक्दछन् र यसलाई व्यवहारमा ल्याउन सक्दछन्। यो कार्य गर्दा उनीहरू अरु मानिसहरूको ईर्ष्या गर्दैनन् , अरुहरूबाट प्रभावित हुँदैनन् र अन्य मार्गहरूमाथि विचार गर्दैनन्।

जो बुद्धको उपदेशमाथि विश्वास राख्दैनन् , उनीहरू संकीर्ण दृष्टिकोण राख्दछन् र फलस्वरूप, विचलित मनस्थितिमा रहन्छन्। तर जो बुद्धको उपदेश माथि विश्वास गर्दछन् , उनीहरू यसमा भएको ठूलो प्रज्ञा र सबैलाई ठूलो करुणाले अँगालोमा हाल्ने कुरामा विश्वास गर्दछन् एवं यस विश्वासले उनीहरू स-साना कुराहरूबाट विचलित हुँदैनन्।

४. जसले बुद्धको उपदेश सुनेर त्यसलाई ग्रहण गर्दछन् , उनीहरूलाई आफ्नो जीवन क्षणभंगुर छ तथा आफ्नो शरीर दुःखहरूको संग्रह मात्र हो एवं सम्पूर्ण पापको मुहान हो भन्ने कुरा थाहा छ ,तसर्थ उनीहरू यो कुराहरूप्रति आशक्त हुँदैनन्।

यसका साथसाथै उनीहरू आफ्नो शरीरको राम्रो हेरविचार गर्नुपर्ने कुराको बेवास्ता गर्दैनन्। तर उनीहरूले शरीरको भौतिक आनन्दको लागि नभई शरीर, ज्ञान प्राप्त गर्न आवश्यक भएको एवं अरुका निमित्त धर्मको व्याख्या गर्न आवश्यक हुन्छ भनेर यसको हेरविचार गर्ने हो।

यदि उनीहरूले शरीरको राम्रो हेरविचार गरेनन् भने, उनीहरू धेरै समयसम्म बाँच्न सक्दैनन्। यदि उनीहरू धेरै समयसम्म बाँचेनन् भने, उनीहरू स्वयम्ले उपदेशको अभ्यास गर्न सक्दैनन् , न त

अरुलाई यसको व्याख्या नै गर्न सक्दछन् ।

यदि कुनै व्यक्तिले नदी तर्न इच्छा गऱ्यो भने ऊ आफ्नो डुङ्गाप्रति बडो सावधान हुन्छ । यदि उसले लामो यात्रा गर्नु पऱ्यो भने आफ्नो घोडाको राम्रो हेरविचार गर्दछ । यसै गरी यदि कुनै व्यक्तिले ज्ञान प्राप्त गर्ने इच्छा गर्छ भने उसले आफ्नो शरीरको राम्रो हेरविचार गर्नुपर्दछ ।

बुद्धका शिष्यहरूले आफ्नो शरीरलाई जाडो र गर्मीबाट रक्षा गर्न तथा शरीरको लाज ढाक्न लुगा लगाउनै पर्दछ , तर उनीहरूले यस्तो लुगा सजावटका निमित्त लगाउनु हुँदैन ।

उनीहरूले आफ्नो शरीरको पोषणका निमित्त उचित भोजन खानु पर्दछ जसले गर्दा उनीहरूले उपदेश सुनी त्यसलाई ग्रहण गरेर व्याख्या गर्न सकून् तर उनीहरूले केवल आनन्दका निमित्त खानु हुँदैन ।

उनीहरूले ज्ञानको त्यस्तो घरमा बस्नु पर्दछ जसलाई सांसारिक रागका चोरहरू एवं कुत्सित उपदेशका आँधीहरूबाट रक्षा गर्न सकियोस् एवं उनीहरूले यस्तो घरलाई यसको वास्तविक उद्देश्यका निमित्त प्रयोग गर्नुपर्दछ । स्वार्थी अभ्यासको प्रदर्शन गर्न अथवा तिनलाई लुकाउन प्रयोग गर्नुहुँदैन ।

यसैले कसैले पनि वस्तुहरूको कदर गर्नुपर्दछ र तिनको प्रयोग केवल ज्ञान प्राप्ति तथा उपदेशका सम्बन्धमा मात्र गर्नुपर्दछ । उसले तिनीहरूप्रति स्वार्थी कारणले आशक्त हुनुहुँदैन तर तिनको प्रयोग अरुहरूलाई उपदेशको प्रचार गर्ने उपयोगी उद्देश्यका रुपमा गर्नुपर्दछ ।

तसर्थ, यदि ऊ आफ्नो परिवारसँग बसी राखेको छ भने पनि, उसको मन सदैव उपदेशतर्फ स्थिर रहनु पर्दछ। उसले उनीहरूको हेरविचार बुद्धिमत्ता एवं सहानुभूतिपूर्ण मनले गर्नुपर्दछ ,एवं उनीहरूको मनमा धेरै प्रक्रियाहरूद्वारा विश्वास जाग्रत गराउने प्रयत्न गर्नुपर्दछ।

५. बुद्धको संघका उपासकहरूले यी पाठहरूको अध्ययन प्रत्येक दिन गर्नुपर्दछ : आफ्ना बाबु आमाको सेवा कसरी गर्ने, पत्नी तथा छोराछोरीसँग कसरी बस्ने, आफूमाथि कसरी नियन्त्रण राख्ने एवं बुद्धलाई कसरी सेवा गर्ने।

बाबुआमाको सबभन्दा राम्ररी सेवा गर्न उनीहरूले सबै जीवित प्राणीप्रति दयाको अभ्यास गर्ने कुरा सिक्नु पर्दछ। पत्नी तथा छोराछोरीका साथ सुखपूर्वक जीवन बिताउन उनीहरूले लालसा एवं स्वार्थी आनन्दको विचारभन्दा टाढा बस्नु पर्दछ।

पारिवारिक जीवनको संगीत सुन्दा उनीहरूले उपदेशको झन् मीठो संगीत बिर्सनु हुँदैन, अनि घरको आश्रयमा बस्दा, उनीहरूले ध्यानको अभ्यासको अझै बढी सुरक्षित आश्रय खोज्नु पर्दछ , जहाँ बुद्धिमान मानिसहरू सबै अपवित्रता एवं विघ्नहरूबाट शरण प्राप्त गर्दछन्।

जब साधारण मानिसहरू दान गरी राखेका हुन्छन् , उनीहरूले आफ्नो मनबाट सबै लोभहरू परित्याग गर्नुपर्दछ , जब मानिसहरूको भीडमा हुन्छन् उनीहरूको संगत बुद्धिमान व्यक्तिहरूका साथ हुनुपर्दछ, जब उनीहरू दुर्भाग्यको सामना गर्दछन् , आफ्नो मन शान्त एवं सबै विघ्नहरूबाट स्वतन्त्र राख्नु पर्दछ।

जब उनीहरू बुद्धको शरणमा पर्दछन् , उनीहरूले उनको प्रज्ञा प्राप्त गर्ने प्रयत्न गर्नुपर्दछ ।

जब उनीहरू धर्मको शरण लिन्छन् , उनीहरूले यसको सत्य प्राप्त गर्ने प्रयत्न गर्नुपर्दछ , जुन कुरा प्रज्ञाको महासागर जस्तै हो ।

जब उनीहरू संघको शरण लिन्छन् , उनीहरूले कुनै पनि स्वार्थले बाधा नपुऱ्याएको शान्तिपूर्ण संघमा सहभागी हुने प्रयत्न गर्नुपर्दछ ।

जब उनीहरू लुगा लगाउँछन् , उनीहरूले उदारता एवं बिनम्रताको पोशाक पनि लगाउन पर्ने कुरा बिर्सन हुँदैन ।

जब उनीहरू कुनै बोझबाट आफूलाई मुक्त गर्न चाहन्छन् , उनीहरूले सबै लोभ, क्रोध र मूर्खतालाई आफ्नो मनबाट परित्याग गर्ने इच्छा राख्नु पर्दछ ।

जब उनीहरू कुनै उकालो बाटो कठिनाइपूर्वक चढी राखेका हुन्छन् , उनीहरूले यसलाई ज्ञानको मार्ग भनी विचार गर्नुपर्दछ , जसले उनीहरूलाई मोहको संसारभन्दा टाढा लगि दिन्छ। जब उनीहरू सजिलो बाटो हिँडी राखेका हुन्छन् ,उनीहरूले यसको सजिलो स्थितिको लाभ बुद्धत्वप्रति बढी प्रगति गर्नेतर्फ उठाउनु पर्दछ ।

जब उनीहरूले कुनै पुल देख्दछन् , उनीहरूले मानिसहरूलाई पारी तर्न सहायता गर्न उपदेशको पुल बनाउने इच्छा राख्नु पर्दछ ।

जब उनीहरूले कुनै दुःखी मानिस भेट्दछन् , उनीहरूले सदैव परिवर्तनशील संसारमा भएको कटुताप्रति शोक मान्नु पर्दछ ।

जब उनीहरूले कुनै लोभी व्यक्ति देख्दछन् , उनीहरूले वर्तमान जीवनको मोहभन्दा स्वतन्त्र रहने एवं ज्ञानको वास्तविक मार्गमा सहभागी हुने इच्छा राख्नु पर्दछ ।

जब उनीहरू स्वादिष्ट भोजन देख्दछन् , उनीहरूले त्यसबेला त्यसबाट बच्ने प्रयत्न गर्नुपर्दछ ; जब उनीहरू अस्वादिष्ट भोजन देख्दछन् , उनीहरूले लोभ कहिल्यै पनि फर्केर नआओस् भनी कामना गर्नुपर्दछ ।

ग्रीष्म ऋतुको तीव्र गर्मीमा, उनीहरूले सांसारिक तृष्णाको गर्मीबाट आफूलाई टाढा राखेर ज्ञानको नवीन शीतलता प्राप्त गर्ने इच्छा राख्नु पर्दछ । हिउँद ऋतुको कठोर जाडोमा उनीहरूले बुद्धको महाकरुणाको न्यानोपना सम्झनु पर्दछ ।

जब उनीहरू धार्मिक ग्रन्थको पाठ गर्दछन् , उनीहरूले तिनलाई नबिर्सने दृढ निश्चय गर्नुपर्दछ एवं प्राप्त गरेको उपदेशलाई व्यवहारमा परिणत गर्ने निर्णय गर्नुपर्दछ ।

जब उनीहरू बुद्धको बारेमा विचार गर्दछन् , उनीहरूले बुद्धको जस्तै दृष्टि राख्ने गम्भीर इच्छा राख्नु पर्दछ ।

जब रात्रीमा उनीहरू सुत्दछन् , उनीहरूले आफ्नो शरीर, वचन र मनलाई पवित्र र स्फुर्तिप्रद होस् भन्ने इच्छा राख्नुपर्दछ , जब उनीहरू बिहान उठ्दछन् , उनीहरूको पहिलो कामना त्यस दिन उनीहरूको मन स्पष्ट भएर सबै कुरा बुझ्न सकोस् भन्ने हुनु पर्दछ ।

६. बुद्धको उपदेश पालन गर्नेहरूले सबै कुराको स्वभाव "शून्य"मा आधारित छ भनी बुझ्ने हुँदा उनीहरूले मानव जीवनमा प्रवेश गर्ने कुरालाई मामूली रूपमा लिँदैनन् ; परन्तु उनीहरूले तिनलाई ती जस्तो रुपमा छन् त्यस्तै रूपमा स्वीकार गर्दछन् र तिनलाई ज्ञानका निमित्त उपयुक्त बनाउने प्रयत्न गर्दछन् ।

उनीहरूले यो संसार अर्थहीन छ र भ्रमले भरिएको छ अनि ज्ञानको संसार अर्थपूर्ण र शान्तिले भरिएको छ भनी विचार गर्नुहुँदैन । बरु उनीहरूले यस संसारका सबै विषयमा ज्ञान मार्गको स्वाद लिनु पर्दछ ।

यदि कसैले संसारलाई अज्ञानद्वारा धमिलो भएको अपवित्र आँखाले हेर्दछ भने उसले यसलाई दोषै दोषले भरिएको देख्नेछ, तर यदि उसले यसलाई स्पष्ट प्रज्ञाले हेर्दछ भने, उसले यसलाई ज्ञानको संसारका रूपमा नै देख्नेछ , जो वास्तविकता हो ।

वास्तवमा, एउटा अर्थहीन र अर्को अर्थपूर्ण अथवा एउटा असल र अर्को खराब भनिने दुईवटा संसार छैन ; संसार एउटा मात्र छ। मानिसहरूले आफ्नो विभेद गर्ने मानसिक क्रियाद्वारा नै दुई संसार छन् भनी ठान्दछन् ।

यदि उनीहरूले यी विभेदहरूको परित्याग गर्न सके भने एवं आफ्नो मनलाई प्रज्ञाको ज्योतिद्वारा पवित्र राख्न सके भने, उनीहरूले एक संसार मात्र देख्न सक्ने छन् , जसमा प्रत्येक कुरा अर्थपूर्ण हुनेछ ।

७. जो बुद्धमा विश्वास गर्दछन् , उनीहरू प्रत्येक वस्तुमा एकत्वको यसै सार्वलौकिक पवित्रता चाख्दछन् र त्यस मनमा प्रत्येक व्यक्तिप्रति करुणाको अनुभूति गर्दछन् अनि प्रत्येक व्यक्तिको सेवा गर्ने विनम्र विचार राख्दछन् ।

तसर्थ, उनीहरूले आफ्नो मनलाई सबै प्रकारका घमण्डबाट मुक्त गरी विनम्रता, शिष्टता र सेवाको उपासना गर्नुपर्दछ । उनीहरूको मन त्यो फलदायी पृथ्वी जस्तै हुनु पर्दछ , जसले विना कुनै भेदभाव सबै कुराको पोषण गर्दछ , जसले विना कुनै गुनासो सेवा गर्दछ , धैर्यपूर्वक सहन्छ , जो सदैव उत्साही रहन्छ , जसले सबै निर्धन व्यक्तिहरूको सेवा गर्नमा एवं तिनीहरूको मनमा बुद्धको उपदेशको बीजारोपण गर्न परम आनन्द मान्दछ ।

यसैले, जुन मनमा असहाय व्यक्तिहरूप्रति करुणा हुन्छ , त्यो मन सबै मनुष्यहरूका निमित्त आमा सरह हुन्छ , सबै मनुष्यको सम्मान गर्दछ , सबै मनुष्यलाई आफ्नो व्यक्तिगत मित्र सरह हेर्दछ तथा उनीहरूलाई आफ्नो मातापिता सरह आदर गर्दछ ।

तसर्थ, यद्यपि बौद्ध उपासकहरूप्रति हजारौं व्यक्तिहरू कठोर भावना र खराब विचार राख्न सक्दछन् तापनि उनीहरूले कुनै हानि पुऱ्याउन सकदैनन् , किनभने त्यस्तो हानि महासागरको पानीमा एक थोपा विष जस्तै हो ।

८. कुनै पनि उपासकले अनुचिन्तन, मनन र धन्यवाद अर्पण गर्ने अभ्यासद्वारा आफ्नो आनन्दको वृद्धि गर्न सक्नेछ । उसले आफ्नो

विश्वासलाई बुद्धको करुणा नै हो भनी अनुभव गर्नेछ एवं बुद्धद्वारा नै उसलाई यो उपहार दिइएको हो भनी अनुभव गर्नेछ ।

सांसारिक रागको हिलोमा श्रद्धाको कुनै बीज हुँदैन, तर बुद्धको करुणाले गर्दा त्यहाँ पनि श्रद्धाको बीजारोपण गर्न सकिन्छ। तिनले त्यस बेलासम्म मनलाई विशुद्ध पारी राख्दछ जबसम्म त्यसमा बुद्धमाथि विश्वास गर्ने श्रद्धा जागेर आउँदैन ।

जस्तो माथि भनिएको छ , एरण्डको जंगलमा सुगन्धित चन्दनको रुख उम्रदैन। त्यसरी नै बुद्धप्रति श्रद्धाको बीज मोहको हृदयमा उम्रन सक्दैन ।

तर वास्तवमा, आनन्दको फूल त्यहा फक्रँदैछ , त्यसैले हामीले भन्नै पर्दछ ; जब फर्केको कोपिला मोहको हृदयमा हुन्छ , यसका जरा अन्यत्र हुन्छन् ; अर्थात् यसका जरा बुद्धको हृदयमा हुन्छन् ।

यदि उपासक आत्मकेन्द्रित भयो भने, ऊ ईर्ष्यालु , शत्रुभाव राख्ने, घृणित र हानिकारक हुन जान्छ , किनभने उसको मन लोभ,क्रोध र मूर्खतापूर्ण मोहले क्लेशपूर्ण हुन्छ। तर यदि ऊ बुद्ध कहाँ फर्कन्छ भने, माथि भनिएजस्तै, उसले बुद्धको अरु बढी सेवा गर्न सक्नेछ। वास्तवमा यसलाई अभिव्यक्त गर्न सकिन्दैन ।

३

सत्य जीवनको व्यावहारिक मार्गदर्शन

१. दुर्भाग्यहरू पूर्वबाट आउँछन् अथवा पश्चिमबाट आउँछन् भन्ने कुरा विचार गर्नु भ्रम हो ; यी त आफ्नै मनमा उत्पन्न हुन्छन् । तसर्थ भित्री मनलाई अनियन्त्रित रहन दिएर बाहिरी संसारबाट आउने दुर्भाग्यहरूबाट मात्र रक्षा गर्न खोज्नु मूर्खता हो ।

प्राचीन कालदेखि आएको एउटा चलन छ जसलाई साधारण व्यक्तिहरूले अझै पनि पालन गरी राखेका छन् । जब उनीहरू बिहान उठ्दछन् , उनीहरू पहिले आफ्नो अनुहार धुन्छन् र मुख कुल्ला गर्दछन् र त्यसपछि छ दिशातर्फ फर्केर ढोग्दछन्– पूर्व, पश्चिम, दक्षिण, उत्तर, माथि र तल फर्केर । यी दिशाहरूमध्ये कुनै पनि दिशाबाट दुर्भाग्य नआओस् एवं उनीहरूको दिन शान्तिपूर्ण बित्न सकोस् भन्ने कामना गर्दछन् ।

तर बुद्धको उपदेशमा यो भन्दा फरक छ। बुद्धको उपदेशअनुसार हामीले सत्यका छ दिशाहरूतर्फ सम्मान प्रकट गर्नुपर्दछ अनि हामीले बुद्धिमत्तापूर्वक एवं सद्गुणपूर्वक व्यवहार गर्नुपर्दछ। यसरी हामीले सबै दुर्भाग्य निवारण गर्नुपर्दछ ।

यी छ दिशाका सबै ढोकाहरूको रक्षा गर्न मानिसहरूले “चार कार्य” हरूको क्लेश हटाउनु पर्दछ , “चार कुत्सित मनहरूको” नियन्त्रण गर्नुपर्दछ र ती “छ छिद्रहरू” लाई थुन्नु पर्दछ जो घर र सम्पत्तिको हानीको कारण हुनेछ ।

"चार कार्यहरू" भनेका हत्या गर्नु , चोरी गर्नु , व्यभिचार गर्नु र असत्य बोल्नु हुन् । "चार कुत्सित विचारहरू" भनेका लोभ, क्रोध, मूर्खता र त्रास हुन् । "छ छिद्रहरू" जसले घर र सम्पतिको हानि गर्दछन् भनेको मद्य पदार्थको तृष्णा र मूर्खतापूर्ण व्यवहार गर्नु , राती अबेरसम्म बिउँझनु एवं ठट्टातर्फ मन लगाउनु , सांगीतिक र रङ्गमञ्च मनोरञ्जनमा आशक्त हुनु , जुवातास खेल्नु , खराब व्यक्तिहरूको संगत गर्नु र आफ्नो कर्तव्य पालन नगर्नु ।

यी चार क्लेशहरूको निवारण गरेर मनका यी चार कुत्सित स्थितिहरूलई परित्याग गरेर, ती हानि गर्ने छ छिद्रहरू टालेर बुद्धका शिष्यहरूले सत्यका छ दिशाहरूको अभिवादन गर्दछन् ।

सत्यका यी छ दिशाहरू के हुन् त ? छोराछोरीले मातापितालाई पूर्व दिशा, शिष्यले गुरुलाई दक्षिण दिशा, पतिले पत्नीलाई पश्चिम दिशा, मित्रलाई उत्तर दिशा, मालिकले नोकरलाई अधो दिशा र बुद्धको उपदेशको व्याख्या गर्ने उपदेशकलाई उर्ध्व दिशा मान्नु पर्दछ ।

प्रथम, मातापिता र सन्तानको पूर्व दिशाको मान्यताअनुरूप, छोराछोरीले यी पाँच कुराहरू गर्नुपर्दछ । माापिताको सेवा गर्नु , मातापिताको निमित्त काम गर्नु , आफ्नो वंशजको रक्षा गर्नु , परिवारको सम्पतिको संरक्षण गर्नु , अनि आफ्ना पूर्वजहरूको सम्झनामा श्राद्ध मनाउनु पर्दछ ।

वदलामा मातापिताले छोराछोरीका निमित्त पाँच कुराहरू गर्नुपर्दछ । कुनै पनि कुकार्यको परित्याग गर्नु, राम्रा कार्यहरूको समर्थन गर्नु , उनीहरूलाई ज्ञान र सीप दिनु , विवाह हुनेसम्म तिनीहरूको पालनपोषण गर्नु र उचित समयमा उनीहरूलाई पैतृक सम्पति

हस्तान्तरण गर्नु। यदि यी पाँच कुराहरू मातापिता तथा छोराछोरीले पूर्वदिशाको नियममा बसी पालन गरे भने जीवन शान्तिपूर्ण र दुःखबाट मुक्त हुनेछ।

त्यसपछि , गुरु र शिष्यको दक्षिण दिशाको मान्यताअनुरूप शिष्यले आफ्नो गुरु प्रवेश गर्दा सदैव उठ्नु पर्दछ , गुरुको आवश्यकताअनुसार सदैव सेवा गर्नुपर्दछ , उनका निर्देशनहरूलाई पालन गर्नुपर्दछ , उनलाई भेटी चढाउन बेवास्ता गर्नु हुँदैन र उनले दिएको शिक्षा सम्मानपूर्वक ग्रहण गर्नुपर्दछ।

बदलामा गुरुले सभ्य रूपमा प्रस्तुत भई शिष्यहरूलाई मार्गनिर्देशन गर्नुपर्दछ , आफूले आर्जन गरेको ज्ञान उसलाई सही रूपमा दिनु पर्दछ , शिष्यलाई सिकेको कुरा बिर्सन दिनु हुँदैन र शिष्यलाई जहाँतही लाभ साथै सम्मान र आदर प्राप्त गर्ने मार्ग बनाइदिनु पर्दछ। यसरी गुरु र शिष्यको दक्षिण दिशाको मान्यताअनुसार शान्तिपूर्ण र दुःखबाट मुक्त हुनेछ।

त्यसपछि , पतिपत्नीको पश्चिम दिशाको मान्यताअनुरूप पतिले पत्नीप्रतिको व्यवहारमा सम्मान, शिष्टता र विश्वास राख्नु पर्दछ , निर्णय गर्ने अधिकार दिनु पर्दछ र उपहारहरू प्रदान गर्नुपर्दछ। पत्नीले पनि आफ्ना कामहरू मेहनत साथ गर्नुपर्दछ , परिवारका सदस्यहरूको आवश्यकताहरूमा ध्यान पुऱ्याउनु पर्दछ , पतिप्रति बफादार हुनुपर्दछ , सम्पतिको रक्षा गर्नुपर्दछ र परिवारबिच राम्रो सम्बन्ध बनाइराख्नु पर्दछ। यसरी पति र पत्नीको पश्चिम दिशाको मान्यता अनुसार शान्तिपूर्ण र दुःखबाट मुक्त हुनेछ।

त्यसपछि मित्रहरूसँगको उत्तर दिशाको मान्यताअनुरूप एकअर्काको आवश्यकताको पूर्ति गरिदिनु पर्दछ , मैत्रीपूर्ण शब्दहरू प्रयोग गर्नुपर्दछ , उसको हित हुने कार्यहरू गर्नुपर्दछ। सदैव

चिन्तनशील हुनुपर्दछ र तिनीहरूलाई इमान्दारपूर्वक व्यवहार गर्नुपर्दछ।

कसैले पनि आफ्नो मित्रलाई कुमार्गमा जानुबाट बचाउँने प्रयत्न गर्नुपर्दछ , तिनीहरू कुमार्गमा लागे उसको सम्पति संरक्षण गर्नुपर्दछ, उसलाई समस्या आइपर्दा सहयोग गर्नुपर्दछ र उसका परिवारहरूलाई आवश्यक परेमा सहयोग गर्नुपर्दछ। यसरी मित्रहरूसँगको उत्तर दिशाको मान्यताअनुसार दुःखबाट मुक्त भई शान्ति हुनेछ।

त्यसपछि मालिक र नोकरको अधो दिशाको मान्यताअनुरूप नोकरसँगको व्यवहारमा पाँच कुराहरू ध्यानमा राख्नुपर्दछ। नोकरको क्षमताअनुसारको काम दिनुपर्दछ , उसलाई राम्रो भोजन र उचित पारिश्रमिक दिनुपर्दछ , ऊ बिरामी परेमा उसको हेरविचार दयापूर्वक गर्नुपर्दछ , कुनै मिठा भोजनहरू भएमा उसलाई पनि सहभागी बनाउनु पर्दछ र उसलाई आवश्यक आरामको समय दिनु पर्दछ।

बदलामा, नोकरले निम्न कुराहरू ध्यानमा राखी आफ्नो मालिकको सेवा गर्नुपर्दछ।उसले बिहान मालिक भन्दा अगाडि उठ्नुपर्दछ , बेलुकी मालिकभन्दा पछाडि सुत्न जानु पर्दछ , सदैव इमान्दार हुनुपर्दछ , आफ्नो काममा दक्ष हुनुपर्दछ र आफ्नो मालिकको नाउँमा दाग लाग्न दिनु हुँदैन। यसरी मालिक र नोकरले अधो दिशाको मान्यताअनुसार दुःखबाट मुक्त भई शान्ति हुनेछ।

यसपछि , धर्मोपदेशकको उर्ध्व दिशाको मान्यताअनुरूप, धर्मोपदेशकलाई मन, वचन र कर्मले पवित्र व्यवहार गर्नुपर्दछ। धर्मोपदेशकलाई शिष्टाचारपूर्वक स्वागत गर्नुपर्दछ , उनीहरूले दिएको उपदेशको श्रवण गरी पालन गर्नुपर्दछ र उनीहरूलाई भेटी चढाउनु पर्दछ।

बदलामा, धर्मोपदेशकले पनि खराब आचरणहरू त्यागी नैतिकताको पालन गर्नुपर्दछ , करुणामयी हृदय हुनु पर्दछ , नैतिक स्तरको धर्मोपदेश गर्नुपर्दछ , श्रोताहरूलाई पूर्ण रूपमा धर्मोपदेश ज्ञात हुने बनाउनु पर्दछ र मानिसहरूले शान्तिको अनुभूति प्राप्त गर्न सक्नेछन् । यसरी धर्मोपदेशकको उर्ध्व दिशाको मान्यताअनुसार दुःखबाट मुक्त भई शान्ति हुनेछ ।

छ दिशातर्फ बन्दना गर्ने मानिसहरूले बाहिरबाट आउने दुर्भाग्यबाट उम्कन यसो गरेका होइनन् । ती व्यक्तिहरूले यसो गर्नाको उद्देश्य आफ्नो मनबाट उत्पन्न हुने कुविचार प्रति सचेत हुनाका निमित्त हो ।

२. कुनै पनि व्यक्तिले आफ्ना परिचित व्यक्तिहरूमध्ये कोसँग संगत गर्नुहुन्छ, कोसँग संगत गर्नुहुँदैन भन्ने कुरा छुट्याउनु पर्दछ ।

जुन व्यक्तिहरूसँग मानिसले संगत गर्न हुँदैन, ती हुन्– लोभी, चतुर बोल्नेहरू, चाप्लुसी गर्ने व्यक्तिहरू, अथवा बेकम्मा व्यक्तिहरू ।

जुन व्यक्तिहरूसँग संगत गर्नुहुन्छ , ती हुन्– सहायता गर्नेहरू, जो सुख र दुःखमा साथ दिन इच्छुक हुन्छन्, जो असल सल्लाह दिन्छन् र जो सहानुभूत राख्ने हृदयका हुन्छन् ।

साँचो मित्र त्यो हो, जोसँग कुनै पनि व्यक्तिले भर पर्न हुने किसिमले संगत गर्न सकोस् , जसले सदैव सही मार्ग लिई राख्दछ , आफ्नो मित्रको भलाइका निमित्त थाहा नदिइकन चिन्ता गर्दछ , उसको दुर्भाग्यमा सान्त्वना दिन्छ ,जब आवश्यक पर्छ त्यसबेला

उसलाई सहायाताको हात बढाउँछ , उसका कुराहरू गोप्य राख्दछ र उसलाई सदैव असल सल्लाह दिन्छ ।

यस्तो मित्र पाउनु अत्यन्त कठिन हुन्छ , तसर्थ कसैले पनि यस्तो प्रकारको मित्र हुन अत्यन्त कठिन प्रयत्न गर्नुपर्दछ। सूर्यले फलदायी पृथ्वीलाई जसरी न्यानो प्रदान गर्दछन् , त्यसैगरी एक असल मित्र उसका असल कार्यहरूले गर्दा समाजमा चम्कन्छ ।

३. यदि छोराछोरीले आफ्नो पितालाई दाहिने काँधमा र आमालाई देब्रे काँधमा सय वर्षको लामो अवधिसम्म बोकी राख्यो भने पनि उसले मातापिताबाट प्राप्त गरेको कृपालु दया तिर्न असंम्भव हुन्छ ।

उसले आफ्नो मातापिताको शरीरलाई एकसय वर्षसम्म सुगन्धित अत्तरले नुहाइ राख्यो भने तापनि एक आदर्श सन्तानको रूपमा सेवा गरी राख्यो भने तापनि,उनीहरूका निमित्त एक सिंहासन प्राप्त गरेर ल्याई दियो भने तापनि, संसारका सम्पूर्ण विलासीका सामग्री उनीहरूलाई ल्याईदियो भने तापनि उसले उनीहरूद्वारा उसप्रति लगाइएका कृतज्ञताका महान् ऋण पर्याप्त रूपले तिर्न सक्दैन ।

तर यदि उसले उनीहरूलाइ बुद्धको मार्ग देखाउँछ भने तथा बुद्धको उपदेशको व्याख्या उनीहरूका लागि गर्छ भने र उनीहरूलाई नराम्रो बाटो छोडेर राम्रो बाटोमा लाग्न मनाउँछ भने अनि उनीहरूलाई सबै लोभ त्याग गरी दानको व्यवहारद्वारा आनन्द मनाउने मार्ग तर्फ लगाउँछ भने, त्यो कुरा उनीहरूको ऋण तिर्नुभन्दा पनि अधिक कार्य हुनेछ ।

४. परिवार भनेको त्यो स्थल हो, जहाँ मनहरू परस्परमा सम्पर्कमा आउँछन् । यदि यी मनहरूले परस्परमा स्नेह गर्दछन् भने,

घर फूलको बगैँचा जस्तै राम्रो हुन्छ। तर यदि यी मनहरूको परस्परमा बेमेल भयो भने, त्यो त्यस्तो आँधी जस्तो हुन्छ जसले बगैँचालाई ध्वस्त गरिदिन्छ।

यदि कसैको परिवार भित्र बेमेल उत्पन्न हुन्छ भने, कसैले पनि अरुलाई दोष दिनु हुँदैन, बरु आफ्नै मनलाई जाँच्नु पर्दछ र सही मार्गको अनुसरण गर्नुपर्दछ।

५. कुनै समय गहिरो श्रद्धा राख्ने एक व्यक्ति थियो। ऊ सानै हुँदा उसको पिताको मृत्यु भयो, उ आफ्नो आमासँग सुखपूर्वक बसिरहेको थियो, केही समयपछि उसले विवाह गऱ्यो।

शुरुमा त उनीहरू परस्परमा सुखपूर्वक बसिरहेका थिए तर पछि केही मतभेद भएर, सासु र बुहारी परस्परमा मन नपराउन थाले। यो बेमेल स्थिति दिनप्रतिदिन बिग्रँदै गयो र अन्त्यमा आमा, छोरा र बुहारीलाई छाडेर एक्लै बस्न गइन्।

सासुले छाडेर गएपछि युवा जोडीले एक छोरा पाए। सासुकहाँ बुहारीले यसो भनी भनेर कसैले कुरा पुऱ्यायो : "मेरी सासुले मलाई जहिले पनि कचकच गर्दथिन् र जबसम्म उनी हामीसँग बसिन् कुनै सुखद घटना घटेन, तर उनी जानासाथ यो सुखद घटना भयो।"

यस हल्लाले सासूलाई रिस उठायो र उनले आश्चर्य मान्दै भनिन् , "यदि उनीहरू छोराकी आमालाई घरबाट निकालिदिन्छन् अनि सुखद घटना घट्छ भने त गजब हुन लागेछ। संसारबाट अवश्य पनि सत्य हरायो भन्नु पर्दछ।"

त्यसपछि , आमाले कराएर भनिन् , “अब हामीले यस सत्यको अर्थी उठाउनु पर्छ।” एक बहुलायी जस्तै भएर उनी चिहानमा सत्यको अन्तिम संस्कार गर्न गईन्।

इन्द्र देवताले यो घटना सुनेपछि ती नारी समक्ष प्रकट भई उनलाई सम्झाउने प्रयत्न गरे, तर उनको प्रयत्न व्यर्थ भयो।

अनि इन्द्र देवताले उनलाई भने, “त्यसो भए मैले बालक र उसको आमालाई जलाएर मारिदिनु पर्दछ। के त्यसले तिमीलाई सन्तुष्टि हुन्छ ?”

यो सुनेर सासूले आफ्नो गल्ती महशुस गरिन् अनि आफ्नो क्रोधको लागि क्षमा माग्दै, इन्द्र देवतासँग बालक र उसकी आमाको रक्षा गर्न प्रार्थना गरिन्। त्यसैबेला, बुहारी र छोराले पनि बुढी नारीप्रति गरिएको अन्यायको महशुस गरेर उनलाई खोज्न चिहानतर्फ गए। इन्द्र देवताले उनीहरूमा मेल गराईदिए र त्यसपछि उनीहरू सुखद परिवारका रूपमा रहन थाले।

सत्यको कसैले परित्याग नगरेसम्म सत्य कहिल्यै पनि सधैका लागि अन्त्य हुँदैन। सत्य प्रायशः लोप भएको जस्तो लाग्दछ तर वास्तवमा यो कहिल्यै लोप हुँदैन। जब यो लोप हुन लागेको जस्तो देखिन्छ , त्यो त व्यक्तिले आफ्नै मनको सत्य हराउन लागेको कारणले हो।

असंगत मनहरूले प्रायशः विपत्ति ल्याउँछन्। एक मामुली मतभेदले ठूलो दुर्भाग्य ल्याउन सक्दछ। यस कुराप्रति विशेष गरी परिवारमा सचेत रहनु पर्दछ।

६. पारिवारिक जीवनमा दैनिक खर्च कसरी चलाउने भन्ने बारेमा अत्यन्त विचार पुऱ्याउनु पर्दछ। परिवारको प्रत्येक सदस्यले परिश्रमी कमिला तथा व्यस्त माहुरीजस्तै कडा परिश्रम गर्नुपर्दछ। कसैले पनि अरुको परिश्रममा भर पर्नु हुँदैन, न त उनीहरूबाट दानको आशा राख्नु हुन्छ।

अर्कोतर्फ, कसैले पनि आफूले कमाएको जति कुरा सबै आफ्नै मात्र हो भन्ठान्नु हुँदैन। सो मध्ये केही अरुलाई पनि बाँड्नै पर्दछ, सो मध्ये केही संकटका निमित्त बचाइराख्नुपर्दछ ,सो मध्ये केही समुदायको आवश्यकताका निमित्त छुट्याई राख्नु पर्दछ र सोमध्ये केही धार्मिक उपदेशकहरूको आवश्यकताका निमित्त प्रदान गरिनु नै पर्दछ।

कुनै पनि व्यक्तिले संसारका कुनै पनि कुरा केवल "मेरो" मात्र हो भन्ने केही छैन भन्ने कुरा बुझ्नु पर्दछ। कुनै पनि व्यक्तिलाई जे कुरा पनि हेतु र परिस्थितिहरूको समयोगद्वारा प्राप्त हुन्छ ; उसले यसलाई अस्थायी रूपले मात्र राख्न सक्दछ। तसर्थ कसैले पनि यसको प्रयोग स्वार्थी रूपमा अथवा अयोग्य उद्देश्यका निमित्त गर्नुहुँदैन।

७. राजा उदेनकी रानी श्यामावतीले जब आनन्दलाई पाँच सय चीवरहरू दिइन् , आनन्दले ठूलो सन्तुष्टिका साथ तिनलाई लिए।

राजाले यो कुरा सुनेपछि , आनन्दमाथि कपटताको शंका गरे, त्यसैले उनी आनन्दकहाँ गएर यी पाँचसय चीवरहरूको उनले के गर्ने भएका छन् भनी प्रश्न गरे।

आनन्दले उत्तर दिए : "हे राजन, मेरा धेरै भिक्षुहरूको चीवर भुत्रो भएको छ , म यी चीवर भिक्षुहरूमा बाँड्ने छु ।"

"तपाई पुराना चीवरहरू के गर्नुहुन्छ ?"

"हामी तिनीहरूबाट तन्ना बनाउने छौँ ।"

"तपाई पुराना तन्नाहरू के गर्नुहुन्छ ?"

"हामी तिनको तकियाका खोल बनाउने छौँ ।"

"तपाई पुराना तकियाका खोल के गर्नुहुन्छ ?"

"हामी तिनको भुई छोप्ने बनाउने छौँ ।"

"तपाई पुराना भुई छोप्नेहरू के गर्नुहुन्छ ?"

"हामी तिनको खुट्टा पुछ्ने बनाउने छौँ ।"

"तपाई पुराना खुट्टा छोप्नेहरू के गर्नुहुन्छ ?"

"हामी तिनको भुई पुछ्ने टालो बनाउने छौँ ।"

"तपाई पुराना भुई पुछ्ने टालाहरू के गर्नुहुन्छ ?"

"महाराज, हामी तिनलाई टुक्रा टुक्रा पारी च्याती हिलोमा मिसाउने छौँ र त्यो हिलो घरको भित्ता लिप्ने काममा लगाउने छौँ ।"

प्रत्येक वस्तु जो हामीलाई सुम्पिएको छ , तिनको प्रयोग कुनै राम्रो कामका निमित्त बडो जतनका साथ गर्नुपर्दछ , किनभने ती "हाम्रा" होइनन् , केवल अस्थायी रूपमा हामीलाई सुम्पिएका मात्र हुन् ।

८. पति र पत्नीको सम्बन्ध उनीहरूको सुविधाका निमित्त मात्र बनाइएको होइन । घरमा दुई शरीरको मिलन मात्र भन्दा पनि यसको गहिरो महत्व हुन्छ । पति र पत्नीले आफ्नो घनिष्ट सम्बन्धको लाभ उठाई पवित्र उपदेशप्रति उनीहरूको मन लगाउने तर्फ परस्परमा सहयोग गर्नुपर्दछ ।

बुढाबुढीको एक जोडी,जसलाई "आदर्श जोडी" भनिन्थ्यो, एकपल्ट बुद्धकहाँ आई भने, "प्रभु, हामीले केटाकेटी देखि नै परस्परमा परिचय भएको हुँदा विवाह गऱ्यौं, हाम्रो सुखमा कहिल्यै पनि एउटा बादलसम्म देखा परेन । के हामी अर्को जन्ममा पनि विवाह गर्न सक्ने छौ, कृपया त्यो कुरा हामीलाई बताइदिनुहोस् ।"

बुद्धले उनीहरूलाई यसप्रकारको बुद्धिमानपूर्ण उत्तर दिनुभयो : "यदि तिमीहरू दुबैको श्रद्धा समान छ भने, यदि तिमीहरू दुबैले समान उपदेश समान प्रकारले ग्रहण गरेका छौ भने, यदि तिमीहरूले समान प्रकारले दान दिन्छौ भने, यदि तिमीहरूको प्रज्ञा समान छ भने, अर्को जन्ममा पनि तिमीहरूको मन समान हुनेछ ।"

९. ज्ञानको मार्गमा लिङ्गको कुनै भेदभाव हुँदैन । यदि कुनै नारीले ज्ञान प्राप्त गर्ने निश्चय गर्छिन भने, उनी सत्य मार्गकी वीरांगना हुन सक्दछिन् ।

अयोध्याका राजा प्रसनजीतकी रानी मल्लिका यस्तै प्रकारकी वीरांगना थिइन । भगवान बुद्धको उपदेशमा उनलाई ठूलो श्रद्धा थियो र उहाँको सामुन्ने उनले यी निम्न दश संकल्प लिइन् :

"हे भगवान, ज्ञान प्राप्त नगरुन्जेलसम्म पवित्र शीलहरू उल्लघंन गर्ने छैन, मभन्दा बढी उमेरहरूका समक्ष घमण्डी हुने छैन, म कसैसँग रिसाउने छैन ।"

"म अरुको ईर्ष्या गर्ने छैन अथवा उनीहरूको सम्पतिको डाहा गर्ने छैन, मेरो मन अथवा सम्पतिप्रति म स्वार्थी हुने छैन, मैले प्राप्त गरेका वस्तुहरूबाट गरीबहरूलाई प्रसन्न पार्ने प्रयत्न गर्नेछु र मेरा

निमित्त संग्रह गरेर राख्ने छैन ।"

"सबै व्यक्तिहरूलाई बडो शिष्टतापूवर्क स्वागत गर्नेछु ; उनीहरूलाई आवश्यक कुरा दिनेछु ; अनि उनीहरूसँग मिठो वचन बोल्नेछु ; मेरो सुविधा होइन, उनीहरूको स्थितिमाथि विचार गर्नेछु ; अनि विना भेदभाव उनीहरूलाई लाभ पुऱ्याउने छु ।"

"यदि मैले अरुलाई एकान्तमा देखे भने, कारागारमा देखे भने, अथवा रोग वा संकटमा परेको देखें भने, मैले उनीहरूलाई हेतु तथा नियमहरूको व्याख्या गरेर अनि उनीहरूको दुःख हटाएर उनीहरूलाई खुसी पार्ने प्रयत्न गर्नेछु ।"

"यदि मैले कसैलाई जीवित जनावर समात्न लागेको र उनीहरूप्रति निर्दयी भएको अथवा यस्तो शील उल्लंघन गरेको देखें भने, मैले उनीहरूलाई दण्ड दिनु पर्ने भए दण्ड दिनेछु अथवा उनीहरूलाई शिक्षा दिनुपर्ने भए शिक्षा दिनेछु । त्यसपछि मेरो क्षमताले भ्याएसम्म उनीहरूले बिगारेको कुरा र उनीहरूले गल्ती गरेको कुरा सपार्ने प्रयत्न गर्नेछु ।"

"मैले सही उपदेश सुन्न बिर्सने छैन, किनभने जब कसैले सही उपदेशको वास्ता गर्दैन ऊ छिटै सर्वव्यापी सत्यभन्दा टाढा हुन पुग्छ र ज्ञानको किनारामा पुग्न असफल हुन्छ भन्ने कुरा मलाई थाहा छ ।"

त्यसपछि असहाय मानिसहरूको रक्षा गर्न उनले यी तीन इच्छाहरू व्यक्त गरिन् : "पहिलो, म सबै व्यक्तिहरूलाई शान्तिपूर्ण राख्ने प्रयत्न गर्नेछु । यो इच्छा मैले पुनर्जन्महरूमा पनि प्राप्त गर्न सकें भने, यो सदाचारको जरो हुनेछ , जो सद्उपदेशको प्रज्ञामा विकास

हुनेछ , यसमा मलाई विश्वास छ ।"

"दोस्रो ,सद्उपदेशको प्रज्ञा मैले प्राप्त गरेपछि अथक रूपले सबै मानिसहरूलाई उपदेश दिँदै जानेछु ।"

"तेस्रो, मैले आफ्नो शरीर, जीवन र सम्पतिको बलिदान गर्नुपरे तापनि सद्उपदेशको रक्षा गर्नेछु ।"

पारिवारिक जीवनको वास्तविक महत्व भनेको ज्ञानको मार्गमा प्रदान गर्ने पारस्परिक प्रोत्साहन तथा सहायताको अवसर हो । यदि कुनै नारीमा मल्लिकामा भएजस्तै ज्ञान प्राप्त गर्ने मन छ भने, अनि त्यस्तै प्रकारले संकल्प र इच्छा गर्छिन् भने मल्लिका जस्तै बुद्धकी महाशिष्य हुन सक्छिन् ।

द्वितीय अध्याय

बुद्धभूमिको निर्माण

१
संघमा मेलमिलाप

१. हामी कुनै त्यस्तो रेगिस्तान देशको कल्पना गरौँ जहाँ पूर्ण अन्धकार छाएको छ अनि धेरै जीवित प्राणीहरू अन्धा सरह झुम्मिएर बसेका छन् ।

स्वाभाविक रूपमा उनीहरू रात्रीमा यताउता दगुर्दा परस्परमा नचिनेर तर्सने छन् , त्यहाँ निकै छटपट र उदास हुनेछ। यो वास्तवमा निकै दयनीय दृश्य हो ।

अनि हामी कल्पना गरौँ त्यहाँ अकस्मात एक श्रेष्ठ व्यक्ति उज्यालो ज्योति लिएर प्रकट हुन्छ अनि चारैतिरका सबै कुरा उज्वल र स्पष्ट देखिन्छ ।

अन्धकारपूर्ण न्यास्रोमा बसिरहेका प्राणीहरू अकस्मात् एकअर्कालाई चिन्दा अनि उनीहरूको मित्रतामा खुसीसँग सहभागी हुन पाउँदा निकै राहत महशुस गर्दछन् ।

“रेगिस्तान देश” भनेको अज्ञानको अन्धकारमा रहने मानव जीवनको संसार हो। जसको मनमा प्रज्ञाको ज्योति छैन उनीहरू

उदास र त्रासमा भौतारिन्छन्। उनीहरू एक्लै जन्मन्छन् र एक्लै मर्दछन् ; उनीहरू आफ्ना मानव मित्रहरूसँग शान्तिपूर्ण मेलमिलापमा बस्न जान्दैनन् र उनीहरू स्वभावत : उद्विग्न र त्रसित रहन्छन्।

"उज्यालो ज्योति लिएको श्रेष्ठ व्यक्ति" भनेको मानव स्वरूप धारण गरेका बुद्ध हुन् , एवं उनको प्रज्ञा तथा करुणाद्वारा उनले संसारलाई प्रदीप्त गर्दछन्।

यस ज्योतिद्वारा मानिसहरूले आफू तथा अरुहरूलाई चिन्दछन् एवं मानव संघ तथा मेलमिलापपूर्ण सम्बन्ध स्थापित गर्न प्रसन्न हुन्छन्।

एउटा समुदायमा हजारौँ व्यक्तिहरू बस्न सक्दछन् तर त्यसमा त्यस बेलासम्म वास्तविक मेलमिलाप हुन सक्दैन जबसम्म उनीहरू परस्परमा मिल्दैनन् तथा परस्परमा सहानुभूति राख्दैनन्।

एउटा साँचो समुदायसँग त्यस्तो विश्वास र प्रज्ञा रहन्छ जसले यसलाई प्रदीप्त गर्दछ। यो त्यो स्थल हो जहाँ मानिसहरू परस्परमा चिन्दछन् एवं विश्वास गर्दछन् र जहाँ सामाजिक मेलमिलाप हुन्छ।

वास्तवमा मेलमिलाप नै एक साँचो समुदाय अथवा संगठनको जीवन र वास्तविक अर्थ हो।

३. संगठनहरू तीन प्रकारका हुन्छन्। पहिला ती हुन् जसको गठन शक्ति, सम्पत्ति र ठूला नेताहरूको अधिकारको आधारमा गरिन्छ।

दोस्रो ती हुन् ,जसको गठन सदस्यहरूको सुविधा अनुसार हुन्छ , एवं यिनको स्थिति त्यसबेलासम्म कायम रहन्छ जबसम्म सदस्यहरू सुविधामा सन्तुष्ट भई राख्ने छन् एवं उनीहरू परस्परमा झगडा गर्ने छैनन् ।

तेस्रा ती हुन् ,जसको गठन सद्उपदेशलाई यसको केन्द्र मानेर एवं मेलमिलापलाई यसको जीवन मानेर गरिन्छ ।

वास्तवमा, यीमध्ये तेस्रो अथवा अन्तिम मात्र साँचो संगठन हुन्छ , कारण यसमा मात्र सदस्यहरू एक भावनाका साथ रहन्छन् र जसबाट भावनाको एकता तथा विभिन्न प्रकारका सद्गुणको उत्पत्ति हुन्छ । यस्तो संगठनमा मेलमिलाप, सन्तुष्टि र सुख व्याप्त हुन्छ ।

ज्ञान भनेको पर्वतमाथि पर्ने वर्षाको पानी जस्तै हो जुन खोल्साहरूबाट खोलामा परिणत हुन्छ , त्यसपछि नदीमा परिणत भई समुन्द्रमा मिसिन्छ ।

पवित्र उपदेशको वर्षा सबै व्यक्तिहरूमाथि उनीहरूको अवस्था अथवा परिस्थिति जे जस्तो भए तापनि समान रूपले पर्दछ । जसले यसलाई स्वीकार गर्दछन् उनीहरू साना समूहहरूमा भेला हुन्छन् , त्यसपछि संगठनमा, त्यसपछि समुदायमा र अन्तमा उनीहरूले आफूलाई ज्ञानको महासागरमा पाउँछन् ।

यस्ता मानिसहरूमा मन, दूध र पानी जस्तै मिसिन्छन् र अन्तमा मेलमिलापूर्ण संघमा संगठित हुन्छन् ।

यसरी, सत्य उपदेश नै कुनै पनि उत्कृष्ट संघको मौलिक आवश्यकता हो । माथि भनिए जस्तै यो त्यो ज्योति हो , जसले मानिसहरूलाई परस्परमा चिन्न, एक अर्कामा मिल्न तथा आफ्ना विचारहरूका अपरिष्कृत ठाउँहरूलाई निविघ्न पार्न सक्षम तुल्याउँछ ।

यसरी, बुद्धको उत्कृष्ट उपदेशमा गठित संगठनलाई संघ भन्न सकिन्छ ।

उनीहरूले यी उपदेशहरूको पालन गर्नुपर्दछ तथा आफ्नो मनको साधना यसैअनुसार गर्नुपर्दछ । यसरी, बुद्धको संघले सैद्धान्तिक रूपमा सबैलाई समावेश गर्नेछ , तर वास्तवमा, समान धार्मिक विश्वास भएकाहरू मात्र यसका सदस्य हुन्छन् ।

३. बुद्धको संघमा दुई प्रकारका सदस्यहरू हुन्छन् । उपासकहरूलाई उपदेश दिनेहरू र उपदेशकहरूलाई आवश्यक भोजन र वस्त्र प्रदान गरेर उनीहरूको मद्दत गर्नेहरू । यी दुई वर्गले संयुक्त रूपमा उपदेश फैलाउने छन् र चिरस्थायी बनाउने छन् ।

त्यसपछि , संघलाई पूर्ण गर्न यसका सदस्यहरू बीच प्रगाढ मेलमिलाप हुनु पर्दछ । उपदेशकहरूले सदस्यहरूलाई शिक्षा दिन्छन् र सदस्यहरूले उपदेशकहरूको सम्मान गर्दछन् ,जसले गर्दा उनीहरूका बीच परस्परमा मेलमिलाप हुन्छ ।

बुद्ध संघका सदस्यहरूले संघका सदस्यका रूपमा एक साथ बस्दा प्रसन्न रहने र एकै भावनाको हुने प्रयत्न गर्नुपर्ने कारणले परस्परमा स्नेहपूर्ण सहानुभूति राख्नु पर्दछ ।

४. संघलाई मेलमिलापको पथमा अग्रसर गराउने छ कुराहरू हुन्छन् । तिनीहरू हुन् : पहिलो, वचनको निष्कपटता ; दोस्रो, कार्यको निष्कपटता एवं दयालुता ; तेस्रो, भावनामा निष्कपटता र सहानुभूति ; चौथो, साझा सम्पत्तिको समान साझेदारी ; पाँचौ, समान पवित्र शीलहरूको पालन र छैठौँ, सबैको सम्यक् दृष्टि हुनु ।

यी कुराहरूमध्ये छैठौ, अर्थात् "सबैको सम्यक् दृष्टि हुनु" केन्दबिन्दु हो र अन्य पाँच कुरा यसका बाहिरी आवरणहरू हुन् ।

यदि संघ सफल हुने हो भने सात नियमका दुई समूहहरू पालन गरिनु पर्दछ । पहिलो समूह हो :

१) उनीहरू उपदेश सुन्न र तिनमाथि छलफल गर्न अक्सर भेला हुनु पर्दछ ।

२) उनीहरू स्वतन्त्र रूपमा मिलजुल गर्नुपर्दछ र परस्परमा सम्मान गर्नुपर्दछ ।

३) सबैले उपदेशको श्रद्धा गर्नुपर्दछ र नियमहरूको आदर गर्नुपर्दछ अनि तिनलाई उल्लंघन गर्नु हुँदैन ।

४) प्रौढ र युवा सदस्यहरूले परस्परमा शिष्टतापूर्ण व्यवहार गर्नुपर्दछ ।

५) उनीहरूको भावना निष्कपट तथा श्रद्धापूर्ण हुनु पर्दछ ।

६) उनीहरूले एक शान्त स्थलमा आफ्नो मनलाई पवित्र पार्नुपर्दछ । त्यो स्थल आफूले ग्रहण गर्नुभन्दा अघि त्यसलाई अरुलाई प्रदान गर्नुपर्दछ ।

७) उनीहरूले सबै मनुष्यहरूलाई प्रेम गर्नुपर्दछ ,अतिथिहरूलाई मित्रतापूर्ण व्यवहार गर्नुपर्दछ एवं बिरामीहरूलाई दयालुतापूर्वक सान्त्वना दिनु पर्दछ । कुनै पनि संघ, जसले यी नियमहरू पालन गर्नेछ त्यसको कहिल्यै पनि अवनति हुँदैन ।

दोस्रो समूहको नियममा प्रत्येक व्यक्तिले : १) विशुद्ध भावना राख्नु पर्दछ र धेरै कुरा माग्नु हुँदैन; (२) सच्चरित्रता कायम राख्नु पर्दछ र सबै लोभ परित्याग गर्नुपर्दछ; (३) धैर्य राख्नु पर्दछ र वादविवाद गर्नु हुँदैन; (४) चुपचाप बस्नु पर्दछ र वृथालाप गर्नु हुँदैन; (५) नियम पालन गर्नुपर्दछ र अहंकारी हुनु हुँदैन; (६) मन एकनास राख्नु पर्दछ र अन्य विभिन्न उपदेशहरू मान्नु हुँदैन; (७) दैनिक जीवनमा मितव्ययी र अल्पव्ययी हुनु पर्दछ ।

यदि यसका सदस्यहरूले यी नियमहरू पालन गरे भने संघ स्थायी हुनेछ र कहिल्यै अवनति हुनेछैन ।

५. जस्तो माथि भनिएको छ , कुनै पनि संघमा यसको मूल रूपमै मेलमिलाप कायम राखिनु पर्दछ ; तसर्थ मेलमिलाप नभएकोलाई संघ भन्न सकिन्दैन । प्रत्येक सदस्यले कलहको कारण आफू नहुन सचेत

रहनु पर्दछ। यदि कलह उत्पन्न भयो भने, त्यसलाई सकभर छिटो हटाउनु पर्दछ , कारण कलहले कुनै पनि संगठनलाई विनाश गर्दछ।

रगतको दागलाई अरु बढी रगतले मेट्न सक्दैन; क्रोधलाई बढी क्रोधले हटाउन सकिँदैन; क्रोधलाई बिर्स्यो भने मात्र त्यसलाई हटाउन सकिन्छ।

६. कुनै समय कलामिति नाम गरेका एक राजा थिए , जसको देशमाथि छिमेकका युद्धप्रिय ब्रम्हदत्त नाम गरेका राजाले विजय गरेका थिए। राजा कलामिति केही समयका निमित्त आफ्नी पत्नी र छोरालाई लिएर गुप्तवास बसे, तर उनीहरू पक्राउ परे। सौभाग्यवश, राजकुमार छोरा भने उम्कन सफल भए।

राजकुमारले आफ्नो पितालाई बचाउने उपाय खोजे, तर सबै व्यर्थ भयो। उनका पितालाई प्राणदण्ड दिइने दिन, राजकुमार भेष बदलेर प्राणदण्ड स्थलमा पुगे जहाँ उनले आफ्ना अभागी पिताको मृत्युलाई दुःखपूर्ण रुपले हेर्नु बाहेक केही गर्न सकेनन्।

पिताले भीडमा आफ्नो छोरालाई देखेर, आफैसँग कुरा गरे जस्तै गरी सुस्तसुस्त बोल्दै भने,"धेरै समयसम्म खोजी नगर्नु ; हतपतमा कार्य नगर्नु ; क्रोधलाई बिर्सेर मात्र शान्त गर्न सकिन्छ।"

त्यसपछि राजकुमारले धेरै दिनसम्म प्रतिशोध लिने उपायहरू खोजी राखे। अन्तमा उनी ब्रम्हादत्तको दरबारमा एक सेवकको रूपमा

भर्ना भएर राजाको निगाहा प्राप्त गर्न सफल भए ।

एकदिन जब राजा शिकार खेल्न गएका थिए , राजकुमारले प्रतिशोधको मौका खोजे । राजकुमारले राजालाई एकान्त ठाउँमा लान सफल भए । ज्यादै थाकेकाले राजा राजकुमारको काखमा सिरान राखेर निदाए, उनी राजकुमारमाथि पूर्ण रूपले विश्वास गर्ने भइसकेका थिए ।

राजकुमारले आफ्नो छुरा झिकेर राजाको घाँटीमाथि राखे तर त्यसपछि उनी अनकनाए । उनका पिताले प्राणदण्ड पाउने बेलामा बोलेको कुरा उनलाई सम्झना भएर आयो । यद्यपि उनले फेरी प्रयत्न गरे तर राजालाई मार्न सकेनन् । अकस्मात् राजा बिउँझे र राजकुमारलाई भने, मैले एक नराम्रो सपना देखें जसमा राजा कलामितिका छोराले मलाई मार्ने प्रयत्न गरी राखेका थिए ।

राजकुमारले हातमा छुरा नचाउँदै हत्तपत्त राजालाई समाते र आफूलाई राजा कलामितिका छोराका रूपमा प्रकट गर्दै भने, उनको पिताको प्रतिशोध लिने समय आइपुगेको छ । तर उनले यसो गर्न सकेनन् अनि तुरुन्तै आफ्नो छुरा फाले एवं राजाका समक्ष घुँडा टेके ।

जब राजाले राजकुमारको कथा र उनका पिताका अन्तिम शब्दहरू सुने, उनी ज्यादै प्रभावित भई राजकुमारसँग क्षमा मागे । त्यसपछि उनले उनको राज्य फर्काई दिए । उनीहरूको दुई देश धेरैकालसम्म मित्रको रूपमा रहे ।

राजा कलामितिको मर्ने बेलाका शब्दहरू : "धेरै समयसम्म खोजी नगर" भनेको क्रोध धेरै समयसम्म राख्नु हुँदैन र "हतपतमा काम नगर " भनेको मित्रता हतपतमा तोड्नु हुँदैन भनेको हो ।

क्रोधको सन्तुष्टि क्रोधद्वारा हुन सक्दैन, यसलाई बिर्सेर मात्र यो हटाउन सकिन्छ ।

संघको सहभागिता सही उपदेशको सामञ्जस्यमा आधारित हुने हुँदा, प्रत्येक सदस्यले यस कथाको भावनाको कदर गर्नु पर्दछ ।

संघका सदस्यहरूले मात्र नभई सर्वसाधारण व्यक्तिहरूले पनि यसको भावनाको कदर गरी यसलाई आफ्नो दैनिक जीवनमा पालन गर्नुपर्दछ ।

२

बुद्धभूमि

१. जस्तो व्याख्या गरिएको छ , यदि संघले बुद्धको उपदेश फैलाउने र मेलमिलापका साथ बस्ने आफ्नो कर्तव्य बिर्सदैन भने, त्यो लगातार ठूलो हुँदै जाने छ र यसको उपदेश विस्तृत रुपले फैलिँदै जाने छ ।

यसको अर्थ हुन्छ बढी भन्दा बढी मानिसहरूले ज्ञान प्राप्त गर्न प्रयत्न गर्ने छन् र यसको अर्थ यो पनि हुन्छ – अज्ञान र मोहका राक्षसहरूद्वारा नेतृत्व गरिएका लोभ, क्रोध र मूर्खताका दुष्ट फौजहरू पछि हट्ने छन् , प्रज्ञा ज्योति, विश्वास र आनन्दले प्रभुत्व स्थापित गर्नेछ ।

राक्षसको राज्य लोभ, अन्धकार, संघर्ष, द्वन्द्व, तरबारहरू र रक्तपातले भरिएको हुन्छ एवं ईर्ष्या, दूराग्रह, घृणा, ठगी, चापलुसी, स्तुतिवाद, गोप्यता र दूरूपयोगले परिपूर्ण हुन्छ।

अब कल्पना गरौँ प्रज्ञाको ज्योति त्यस राज्यमा जगमगाउँछ , करुणाको वर्षा त्यस राज्यमा बर्सन्छ र श्रद्धाले जरो गाड्न थाल्दछ ; अनि आनन्दका फूलहरूले आफ्नो सुगन्ध छर्न थाल्दछन्। त्यसपछि राक्षसको राज्य बुद्धको पवित्र भूमिमा परिणत हुनेछ।

जसरी मन्द हावा र हाँगामा फुलेका केही फूलहरूले वसन्तको आगमनलाई संकेत गर्दछ , त्यसैगरी जब कुनै मानिसले ज्ञान प्राप्त गर्दछ ; घाँस, रुखहरू, पर्वतहरू, नदीहरू र अन्य सबै वस्तुहरूमा नयाँ जीवन स्पन्दित हुन थाल्दछ।

यदि कुनै मानिसको मन पवित्र हुन्छ भने, उसको चारैतिरको वातावरण पनि पवित्र हुन्छ।

२. जुन भूमिमा सद्उपदेश व्याप्त हुन्छ , त्यसका प्रत्येक निवासीको मन पवित्र एवं शान्त हुन्छ। वास्तवमा बुद्धको करुणाले अथक रूपमा सबैलाई लाभ पुऱ्याउँछ र उनको उज्वल भावनाले उनीहरूको मनमा भएका सबै अपवित्रताहरूलाई हटाउँछ।

एक पवित्र मन छिटै गंभीर मनमा परिणत हुन्छ , त्यस्तो मन जो आर्य मार्ग अनुरूप हुन्छ , त्यस्तो मन जो दान दिन मन पराउँछ ,

त्यस्तो मन जसले शील पालन गर्दछ , एक सहिष्णु मन, एक उत्साही मन, एक शान्त मन, एक बुद्धिमान मन, एक करुणामयी मन, एक त्यस्तो मन जसले धेरै कुशल साधनाहरूद्वारा मानिसहरूलाई ज्ञानको मार्ग देखाउँछ। यसरी बुद्धभूमिको निर्माण हुनेछ।

पत्नी र छोराछोरी भएको घर पनि बुद्ध रहनु भएको घरमा परिणत हुन्छ ; सामाजिक भेदभाव भएर दुःख पाएको देश पनि समान भावना भएको संघमा परिणत हुन्छ।

रक्तरंजीत स्वर्ण महल बुद्धको निवास हुन सक्दैन। एउटा कुनै सानो छाप्रो जसको छानाका प्वालहरूबाट चन्द्र प्रकाश छिर्दछ , त्यो पनि बुद्धको निवास हुन सक्दछ ,यदि गृहस्वामीको मन पवित्र छ भने।

जब बुद्धभूमि कुनै एक व्यक्तिको पवित्र मनको जगमा बनेको हुन्छ , त्यस एक्लो पवित्र मनले समान मन भएकाहरूलाई संघको भातृत्वमा ल्याउँछ। बुद्धमाथिको विश्वास व्यक्तिबाट परिवारमा फैलिन्छ , परिवारबाट गाउँमा, गाउँबाट नगरहरू, शहरहरू, देशहरू र अन्तमा सम्पूर्ण संसारमा फैलिन्छ।

वास्तवमा बुद्ध धर्मको विस्तारका निमित्त देखाइने निष्कपटता र विश्वासमा नै बुद्धभूमिको निर्माण हुन्छ।

३. निश्चय नै यस संसारलाई एक दृष्टिबाट हेरियो भने, लोभ अन्याय र रक्तपातले भरिएको यो संसार राक्षसको संसार जस्तो देखिन्छ ; तर जब मानिसहरू बुद्धको ज्ञानमा विश्वास गर्न थाल्दछन् , रक्त दूधमा परिणत हुन्छ ,लोभ करुणामा अनि राक्षसको देश बुद्धको पवित्र भूमिमा परिणत हुन्छ ।

एउटा डाडुले उघाएर कुनै समुन्द्रलाई रित्याउन खोज्नु असम्भव कार्य हो । तर कैयन् कैयन् जीवन लागे तापनि आफूले आँटेको कार्य पूर्ण गर्न दृढ निश्चय गर्नु पर्दछ र यो यस्तो मन हो जसद्वारा कसैले पनि बुद्धको ज्ञान प्राप्त गर्दछ ।

बुद्ध अर्को किनारमा पर्खी बसेका छन् , जो उनको ज्ञानको संसार हो, जहाँ कुनै लोभ छैन, कुनै द्वेष छैन, कुनै अज्ञान छैन, कुनै दुःख छैन, कुनै वेदना छैन, तर त्यहाँ केवल ज्ञानको ज्योति र करुणाको वर्षा छ ।

यो शान्तिको भूमि हो । दुःख पाइराखेका एवं दुःख र वेदनामा भएकाहरूका लागि एक शरण स्थल हो । धर्म विस्तार र उपदेश प्रचारमा केही क्षण थकाई मार्न चाहनेहरूका लागि एक विश्राम स्थल हो ।

यस पवित्र भूमिमा असीमित ज्योति र अनन्त जीवन छ । जो यो स्वर्गमा पुग्दछन् , उनीहरू कहिल्यै पनि मोहको संसारमा फर्कदैनन् ।

वास्तवमा, यो पवित्र भूमि, जहाँ फूलहरूले वायुलाई प्रज्ञाद्वारा

सुगन्धित गर्दछन् र पंक्षीहरू धर्मको गीत गाउँछन् , यो नै मानव समाजको अन्तिम गन्तव्य स्थल हो ।

४. यद्यपि यो पवित्र भूमि विश्राम स्थल हो , तर यो आलस्यको स्थल होइन । सुगन्धित फूलहरूको ओछ्यानहरू आलस्यपूर्ण आरामका निमित्त नभई नयाँ स्फूर्ति प्राप्त गर्ने र विश्राम गर्ने स्थल हुन् , जहाँ कसैले पनि बुद्धको ज्ञान प्रसार गरी राख्न, तेज र उत्साह पुनः प्राप्त गर्दछ ।

बुद्धको कार्य अनन्त छ। जबसम्म मानिसहरू रहनेछन् र प्राणीहरू बाँच्नेछन् , जबसम्म स्वार्थी र अपवित्र मनहरूले आफ्ना संसार र परिस्थिति निर्माण गर्दै रहनेछन् , उनको धर्म प्रसार कार्य कहिल्यै समाप्त हुने छैन ।

बुद्धका सन्तानहरू, जो अमिताभको महाशक्तिको माध्यमद्वारा पवित्र भूमिमा पुगीसकेका छन् , उनीहरू जुन भूमिबाट आएका हुन् र जुन भूमिसँग अझै सम्बन्ध छ ,त्यहाँ फर्कन उत्साहित हुन सक्दछन् । त्यहाँ उनीहरूले बुद्ध धर्म प्रसार कार्यमा भाग लिन सक्दछन् ।

जसरी एक मैनबत्तीको ज्योति एकदेखि अर्कोमा क्रमशः फैलदै जान्छ , त्यसरी नै बुद्धको करुणा पनि एउटा मनबाट अर्को मनमा निरन्तर सरिरहन्छ ।

बुद्धका सन्तानहरूले उनको करुणाको भावना बुझेर, उनको ज्ञानको मार्ग तथा मनको शुद्धताको प्रयत्न अपनाउँदै यसलाई एक पुस्ताबाट अर्को पुस्तालाई हस्तान्तरित गरेर बुद्धभूमिलाई अनन्तकालसम्म र सदैव कीर्तिमान बनाउँछन् ।

३

जसले बुद्धको भूमिमा कीर्ति प्राप्त गरेका छन्

१. राजा उदेनकी रानी श्यामावती बुद्धकी अत्यन्त भक्त थिइन् ।

उनी दरबारको सबैभन्दा भित्री चोकमा बस्दथिन् र बाहिर कतै जाँदैन थिइन् तर उनकी उत्तरा नामकी सेविका, जसको स्मरण शक्ति अत्यन्त तीव्र थियो, उनी बाहिर गएर बुद्धको उपदेश सुन्ने गर्दथिन् ।

त्यहाँबाट फर्केपछि सेविकाले भगवान बुद्धका उपदेशहरू रानीलाई दोहोऱ्याएर सुनाउँथिन र यसरी रानीले आफ्नो प्रज्ञा र विश्वास वृद्धि गर्दै गईन ।

राजाकी दोस्री रानी पहिली रानीको ईर्ष्या गर्दथिन् र उनलाई मार्ने प्रयत्न गरिन् । उनले राजाकहाँ पहिली रानीको बदख्वाई गरी राखिन् र अन्तमा राजाले उनलाई विश्वास गरेर आफ्नी पहिली रानी श्यामावतीलाई मार्ने प्रयत्न गरे ।

रानी श्यामावती राजाका समक्ष यति शान्त रूपमा उभिइनकी राजालाई उनको हत्या गर्न आँट आएन । आफूमाथि पुनः नियन्त्रण गरेर राजाले उनलाई अविश्वास गरेकोमा क्षमा याचना गरे ।

दोस्रो रानीको मनमा ईर्ष्या बढेर आयो र राजा दरबार बाहिर गएको बेला उनले दुष्ट व्यक्तिहरूलाई रानी श्यामावतीको भित्री चोक

जलाउन पठाइन्। श्यामावती शान्त रहिन् , आकुल भएका सेविकाहरूलाई सम्झाउँदै उनीहरूमा उत्साह भरिन् र त्यसपछि निर्धक्क भएर भगवान बुद्धको उपदेश अनुकूल शान्तिपूर्वक प्राण त्याग गरिन्। उत्तरा पनि उनीसँगै आगोमा डढेर मरिन्।

बुद्धका कैयन नारी शिष्यहरूमध्ये यी दुई सबैभन्दा धेरै सम्मानित थिए : रानी श्यामावती करुणामयी रूपमा र उनकी सेविका उत्तरा असल श्रोताको रूपमा।

२. शाक्यवंशी एवं बुद्धका काकाका छोरा राजकुमार महानामलाई बुद्धको उपदेशमा ठूलो विश्वास थियो तथा उनका एक अत्यन्त भक्त अनुयायी थिए।

त्यसैताक कौशलका हिंस्रक राजा विरुदकले शाक्य वंशमाथि विजय प्राप्त गरे। राजकुमार महानाम राजाकहाँ गई आफ्ना मानिसहरूको प्राण रक्षाको याचना गरे तर राजाले उनको कुरा सुनेनन्। त्यसपछि , उनले नजिकैको तलाऊमा उनी पानीभित्र डुबी राखुन्जेलसम्म जति कैदीहरू उम्कन सक्नेछन् त्यतिलाई राजाले मुक्त गरिदिउन् भनी प्रस्ताव गरे।

उनी पानीभित्र रहन सक्ने अवधि धेरै छोटो हुनेछ भनी राजाले यस कुरामा आफ्नो स्वीकृति दिए।

महानाम जसै पानीभित्र डुबे किल्लाको द्वार खोलियो र मानिसहरू आफ्नो सुरक्षाका लागि दौडेर गए। तर महानाम पानी बाहिर आएनन् , उनले आफ्ना मानिसहरूको निमित्त पानीभित्र रहेको नरकटको जरामा आफ्नो कपाल बाँधेर आफ्नो जीवन बलिदान गरे।

३. उत्पलवर्ण एक प्रसिद्ध भिक्षुणी थिइन् जसको प्रज्ञाको तुलना बुद्धका एक महान् शिष्य मौद्गल्यायनको प्रज्ञासँग गरिन्थ्यो। उनी वास्तवमा सबै भिक्षुणीहरूको भिक्षुणी थिइन् जो सदैव उनीहरूको पथप्रदर्शक थिइन् र उनीहरूलाई उपदेश दिँदा कहिल्यै पनि थाक्दिन थिइन्।

देवदत्त एक दुष्ट र निर्दयी व्यक्ति थिए जसले राजा अजातशत्रुको मनमा विष भरिदिएर उनलाई बुद्धको उपदेशका विरुद्ध जान उक्सायो। तर पछि राजा अजातशत्रुले पश्चात्ताप गरी देवदत्तसँगको आफ्नो मित्रता तोडे र बुद्धको एक विनीत शिष्य भए।

एकपल्ट देवदत्तले राजालाई भेट्ने प्रयाश गर्दा उनलाई किल्लाको ढोका बाहिर धकेलियो। त्यसैबेला उनले बाहिर आइरहेकी उत्पलवर्णलाई भेटे। उनलाई देख्नासाथ देवदत्त ज्यादै क्रोधित भई उत्पलवर्णलाई हिर्काएर गम्भीर घाइते पारिदिए।

उत्पलवर्ण आफ्नो बिहार फर्कँदा ज्यादै दुःखित थिइन। जब अन्य भिक्षुणीहरूले उनलाई सान्त्वना दिने प्रयत्न गर्दै थिए , उनले उनीहरूलाई भनिन् “बहिनीहरू, मानव जीवनमा के के आइपर्छ थाहा हुँदैन, प्रत्येक कुरा क्षणभंगुर र अनात्म हो। केवल ज्ञानको संसार मात्र

निश्चल र शान्त हुन्छ। तिमीहरूले आफ्नो साधना कायम राख्नु पर्दछ। त्यसपछि शान्तिपूर्वक उनको मृत्यु भयो।

४. अंगुलीमाल, जो कुनै समय एक डरलाग्दो डाँकू थिए र जसले धेरै व्यक्तिहरूका हत्या गरेका थिए , उनलाई भगवान बुद्धले बचाउनु भयो र उनी संघमा प्रवेश गरे।

एक दिन उनी एक गाउँमा भिक्षा मागी रहेका थिए तर आफ्ना विगत कुकर्महरूले गर्दा उनले धेरै कठिनाई र दुःख सहनु पऱ्यो।

गाउँलेहरूले उनीमाथि जाइलागे अनि उनलाई बेसरी पिटे। तर उनको शरीरबाट रगत बगिराखे पनि उनी भगवान बुद्धकहाँ फर्केर आफ्नो विगतका निर्दयी कर्महरूको फल भोग्ने अवसर प्राप्त भएकोमा बुद्धको पाउमा परी धन्यवाद दिए।

उनले भने "भगवान मेरो प्रारम्भिक नाम अहिंसक थियो, तर मेरो अज्ञानको कारणले गर्दा मैले धेरैको बहुमूल्य ज्यान लिएँ अनि प्रत्येकको एउटा एउटा औलो काटेर लिएँ , औँलाहरूको संग्रह गरेको कारणले नै मलाई अंगुलीमाल भन्न थालियो।

त्यसपछि तपाईको करुणाको माध्यमद्वारा मैले प्रज्ञा सिके अनि बुद्ध, धर्म र संघ यी त्रिरत्नको उपासक भएँ। जब कुनै मानिसले घोडा अथवा गाई हाँक्दछ उसले चाबुक अथवा डोरी प्रयोग गर्नुपर्दछ , तर भगवान, तपाईले चाबुक, डोरी अथवा अंकुश केही पनि प्रयोग नगरी मेरो मनलाई पवित्र पारिदिनु भयो।

"भगवान, आज मैले सहनुपर्ने दुःख सही रहेको छु। म बाँच्न चाहन्न, म मर्न चाहन्न। म केवल आफ्नो समयलाई पर्खिरहेको छु।"

५. भिक्षु सारिपुत्रका साथ, मौदगल्यायन भगवान बुद्धका दुई सबैभन्दा महान् शिष्यमध्ये थिए। जब अन्य धर्मका उपदेशकहरूले बुद्धको उपदेशको पवित्र जल मानिसहरूमा फैलिएको र उनीहरूले बडो उत्सुकतापूर्वक पिएको देखे, उनीहरूमा ईर्ष्या भरिएर आयो। उनीहरूले भगवान बुद्धको उपदेश दिने कार्यमा विभिन्न वाधाहरू गर्ने प्रयत्न गरे।

तर उनको उपदेश फैलिनबाट यी बाधाहरू मध्ये कुनैले पनि रोक्न सकेन। अन्य धर्मका उपासकहरूले मौदगल्यायनलाई मार्ने प्रयत्न गरे।

दुईपल्टको यस्तो प्रयत्नबाट उनी बाँचे तर तेस्रो पल्ट उनलाई धेरै विधर्मीहरूले घेरे अनि उनीहरूको मुड्कीको मारबाट उनी बाँच्न सकेनन्।

ज्ञानले उनलाई प्रोत्साहित गरिराखेको हुँदा, उनले उनीहरूको मुड्की शान्तिपूर्वक ग्रहण गरे। यद्यपि उनको मासु छियाछिया भएको थियो, अनि उनको हाड किचिएको थियो तर उनको शान्तिपूर्ण मृत्यु भयो।

अंगुत्तर निकाय
(आनुक्रमिक सुक्तिहरूको पुस्तक)

भिक्षुहरु, यस संसारमा एक व्यक्तिको जन्म धेरैको हितका लागि हुन्छ, धेरैको सुखका लागि हुन्छ , जसको जन्म, संसारलाई करुणा प्रदान गर्न, जो देव तथा मनुष्यको कल्याण, हित र सुखका निमित्त जन्मछ , त्यो व्यक्ति को हो ? ती व्यक्ति तथागत, अर्हंत, सम्यक् सम्बुद्ध हुन् । भिक्षुहरू उनै ती व्यक्ति हुन् ।

भिक्षुहरू एक व्यक्तिको संसारमा प्रादुर्भाव दुर्लभ हुन्छ । कुन एक व्यक्ति ? ती तथागत, अर्हत, सम्यक् सम्बुद्ध हुन् । उनी ती व्यक्ति हुन् ।

भिक्षुहरु, यस संसारमा असाधारण व्यक्ति पाउनु दुर्लभ हुन्छ । कुन व्यक्ति ? ती तथागत, अर्हत, सम्यक् सम्बुद्ध हुन् । ती उनै व्यक्ति हुन् ।

भिक्षुहरू एक व्यक्तिको मृत्युले सबै दुःखित हुनु पर्दछ । ऊ कुन एक व्यक्ति हुन् ? ती तथागत, अर्हत, सम्यक् सम्बुद्ध हुन् । ती उनै व्यक्ति हुन् ।

भिक्षुहरू, एक व्यक्ति प्रकट भएर ओजस्वी आँखा, ओजस्वी आलोक र दीप्ति प्रकट हुन्छ । कुन व्यक्तिको ? ती तथागत, अर्हत, सम्यक् सम्बुद्ध हुन् । उनै ती व्यक्ति हुन् । (अंगुत्तर निकाय I-13)

“भगवान बुद्धका उपदेश”
सम्बन्धी मूल सन्दर्भ सामग्रीहरू

छोटकरी शब्दहरू : दी नि –दीघ निकाय
म नि –मज्झिम निकाय
सं नि –संयुक्त निकाय
अं नि –अंगुत्तर निकाय

बुद्ध

खण्ड	पृष्ठ	पंक्ति	स्रोत
अध्याय १			
१	2	1	विभिन्न धर्म शास्त्रहरू
	5	1	अं नि ३–३८, सुखमाल–सुत्त
	5	10	म नि ३–२६ अरियपरियेसन–सुत्त
	6	1	विभिन्न धर्मशास्त्रहरू
	7	1	म नि ९–८५, बोधिराजकुमार–सुत्त
	7	5	विभिन्न धर्मशास्त्रहरू
	7	13	सुत्त–निपात ३–२, पधान–सुत्त
	7	18	विभिन्न धर्मशास्त्रहरू
	8	9	विनय, महावग्ग १
	9	10	दी नि १६, महापरिनिब्बान–सुत्त
२	10	14	दी नि १६, महापरिनिब्बान–सुत्त
	11	9	परिनिब्बान–सुत्त
	13	8	परिनिब्बान–सुत्त
	13	15	दी नि १६, महापरिनिब्बान–सुत्त

खण्ड	पृष्ठ	पंक्ति	स्रोत
अध्याय २			
१	15	1	अभितायुर्ध्यान र विमलकीर्ति–निर्देश सुत्र
	15	5	सूरंगम–सूत्र
	15	10	विमलकीर्ति–निर्देश र महापरिनिर्वाण सूत्र
	16	5	सद्धर्मपुण्डरीक–सूत्र १६
	17	1	महायान–जातक चित्तभूमि–परीक्षा सूत्र
	17	6	महापरिनिर्वाण–सूत्र
२	19	1	सद्धर्मपुण्डरीक–सूत्र ३
	20	1	सद्धर्मपुण्डरीक–सूत्र ४
	21	14	सद्धर्मपुण्डरीक–सूत्र ५
३	22	15	सद्धर्मपुण्डरीक–सूत्र १६
अध्याय ३			
१	25	1	अवतंसक–सूत्र ५
	26	5	महापरिनिर्वाण–सूत्र
	26	10	अवतंसक–सूत्र
	26	18	सुवर्णप्रभासोत्तमराज–सूत्र३
२	29	6	अवतंसक–सूत्र
	29	11	अवतंसक–सूत्र ३४, गण्डव्यूह
	29	15	संक्षिप्त सुखावतीव्यूह–सूत्र
	29	20	अवतंसक–सूत्र
	30	5	सं नि ३५–५
	30	8	महापरनिर्वाण –सूत्र

खण्ड	पृष्ठ	पंक्ति	स्रोत
३	32	9	म नि ८–७७, महासकुलुदायी–सुत्त
	33	4	महापरिनिर्वाण–सूत्र
	33	15	लंकावतार–सूत्र
	34	4	अवतंसक –सूत्र ३२
	34	18	सद्धर्मपुण्डरीक–सूत्र २५
	35	1	महापरिनिर्वाण–सूत्र
	35	13	सद्धर्मपुण्डरीक–सूत्र २
	35	19	सद्धर्मपुण्डरीक–सूत्र ३

धर्म

अध्याय १

१	38	1	विनय, महावग्ग १–६ र सं नि ५६–११-१२ धर्मचक्र-प्रवर्तन-सुत्त
	39	13	इतिबुत्तक १०३
	40	3	म नि २, सब्बासव–सुत्त
	40	10	बयालिस खण्डको सूत्र १८
	41	1	श्रीमालादेवी सिंहनाद–सूत्र
३	42	19	अवतंसक–सूत्र २२, दसभूमिक

अध्याय २

१	46	1	म नि ४–३५, चूलसच्चक–सुत्त
	48	7	अं नि ५–४९, मुण्डराज वग्ग
	48	16	अं नि ४–१८५, समण–सुत्त
	49	1	अं नि ३–१३४, उप्पाद–सुत्त

खण्ड	पृष्ठ	पंक्ति	स्रोत
२	49	7	लंकावतार–सूत्र
	49	10	अवतंसक–सूत्र २
	50	1	अवतंसक–सूत्र १६
	50	13	अवतंसक–सूत्र २२, दसभूमिक
	51	1	लंकावतार–सूत्र
	51	6	अं नि ४–१८६, उम्मग्ग–सुत्त
	51	9	धम्मपद १, २, १७, १८
	52	1	सं नि २-१-६ कामद –सुत्त
३	52	11	अवतंसक–सूत्र १६
	52	17	लंकावतार–सूत्र
	53	11	म.नि.३-२२, अलगड्डुपम-सुत्त
	54	8	लंकावतार–सूत्र
	54	13	लंकावतार–सूत्र
४	57	8	विनय, महावग्ग १–६
	58	1	लंकावतार–सूत्र
	58	6	सं नि ३५-२०० दारुखण्ड–सुत्त
	58	16	लंकावतार–सूत्र र अन्य
	59	7	म नि २-१८, मधुपिंडिक–सुत्त
	59	18	लंकावतार–सूत्र
	60	13	लंकावतार–सूत्र
	61	12	विमलकीर्ति निर्देश–सूत्र
	63	12	अवतंसक–सूत्र ३४, गण्डव्यूह
	63	20	लंकावतार–सूत्र र अन्य

खण्ड	पृष्ठ	पंक्ति	स्रोत
अध्याय ३			
१	65	1	विनय, महावग्ग १–५
	65	13	विनय, चूलवग्ग ५–२१
	66	3	सूरंगम–सूत्र
२	71	8	सूरंगम–सूत्र
	73	5	महापरिनिर्वाण –सूत्र
	73	12	सद्धर्मपुण्डरीक –सूत्र ७ र सूरंगम –सूत्र
	74	3	अवतंसक–सूत्र ३२
	74	8	महापरिनिर्वाण –सूत्र
	74	13	ब्रम्हाजाल –सूत्र
	75	1	महापरिनिर्वाण –सूत्र
३	75	19	महापरिनिर्वाण –सूत्र
अध्याय ४			
१	81	1	श्री मालादेवीसिंहनाद –सूत्र
	82	9	अं नि २–११
	82	13	इतिवृतक ९३
	82	19	विनय, महावग्ग
	83	8	अं नि ३–६८ अन्नातित्थिक–सुत्त
	83	19	अं नि ३–३४, आलवक–सुत्त
	84	12	वैपूल्य –सूत्र
	84	18	विनय, महावग्ग १–६, धर्मचक्र प्रवर्तन सुत्त
	85	1	म नि २–१४, चुलदुक्खक्खन्ध–सुत्त
	85	15	महापरिनिर्वाण–सूत्र
	86	16	इतिवृतक २४

खण्ड	पृष्ठ	पंक्ति	स्रोत
२	88	9	म नि ६–५१, कण्डरक–सुत्तन्त
	89	7	अं नि ३–१३०
	89	15	अं नि ३–११३
३	90	6	इतिवृतक १००
	90	18	सयुक्तरत्नपिटक–सूत्र
	91	15	महापरिनिर्वाण–सूत्र
	93	1	अं नि ३–६२
	93	15	अं नि ३–३५, देवदूत–सुत्त
	94	18	थोरिगाथा अट्ठकथा
४	95	17	सुखावतीव्यूह–सूत्र खण्ड २

अध्याय ५

१	102	1	सुखावतीव्यूह–सूत्र खण्ड १
	105	18	सुखावतीव्यूह–सूत्र खण्ड २
	107	5	अमितायुर्ध्यान–सूत्र
	110	14	संक्षिप्त सुखावतीव्यूह–सूत्र

साधनाको मार्ग

अध्याय १

१	116	1	म.नि २, सब्बासव–सुत्त
	117	20	म नि ३–२६ अरियपरियेसन–सुत्त
	118	13	स नि ३५–२०६, चपान–सुत्त
	119	10	बयालीस खण्डको सूत्र ४१–२
	121	19	म नि २–१९, द्वेधावितकक–सुत्त

खण्ड	पृष्ठ	पंक्ति	स्रोत
	122	13	धम्मपद अट्ठकथा
२	123	12	अं नि ३–११७
	124	1	म नि ३–२१, ककचूपम–सुत्त
	127	1	म नि ३–२३, वम्मीक –सुत्त
	128	15	जातक ४–४९७, मातङ्ग–जातक
	132	4	बयालीस खण्डको सूत्र ९
	132	13	बयालीस खण्डको सूत्र ११
	133	5	बयालीस खण्डको सूत्र १३
	134	3	अं नि २–४, समाचित्त–सुत्त
३	134	19	सयुक्तरत्नपिटक–सूत्र
	140	1	उपमा–सतक सूत्र
	143	7	महाप्रज्ञापारामिता-उपदेश शास्त्र
	144	16	महापारिनिर्वाण-सूत्र
	145	14	संयुक्तरत्नपिटक-सूत्र

अध्याय २

१	150	1	म नि ७–६३, चूलामालुङ्कय–सुत्तन्त
	152	10	म नि ३–२९, महासारोपम–सूत्त
	154	1	महामाया–सूत्र
	154	11	थेरगाथा अट्ठकथा
	156	6	म नि ३–२८, महाहत्थीपदोपम–सुत्त
	156	21	महापरिनिर्वाण–सूत्र
	157	11	अवदानशतक –सूत्र
	158	15	महापरिनिर्वाण–सूत्र

खण्ड	पृष्ठ	पंक्ति	स्रोत
	160	10	पंचविशंती साहस्रिकाप्रज्ञापारमिता–सूत्र
	161	18	अवतंसक–सूत्र ३४, गण्डव्यूह
२	163	13	अं नि ३–८८
	164	8	अं नि ३–८१
	164	16	अं नि ३–८२
	165	10	परिनिब्बान–सुत्त खण्ड २
	166	12	म नि १४–१४१, सच्चविभंग–सुत्त
	167	15	परिनिब्बान –सुत्त खण्ड २
	168	11	अं नि ५–१६, बल–सुत्त
	168	16	अवतंसक–सूत्र ६
	169	14	महापरिनिर्वाण–सूत्र
	170	6	संयुक्तरत्नपिटक–सूत्र
	171	1	सुवर्णप्रभास –सूत्र २६
	171	14	महापरिनिर्वाण–सूत्र
	172	14	थेरगाथा अट्ठकथा
	173	7	जातक ५५, पंचावुध–जातक
	174	8	इतिवुत्तक ३९ र ४०
	174	14	महापरिनिर्वाण–सूत्र
	174	18	महापरिनिर्वाण–सूत्र
	175	1	अं नि ५–१२
	175	7	परिनिब्बान–सुत्त
	175	17	सुरंगम–सूत्र
३	176	21	सं नि ५५–२१ र २२, महानाम–सुत्त
	177	13	अं नि ५–३२, चुण्डी–सुत्त

खण्ड	पृष्ठ	पंक्ति	स्रोत
	178	1	विमलकिर्तिनिर्देश–सूत्र
	178	12	सुरंगम–सूत्र
	178	17	सुखावतीव्यूह–सूत्र खण्ड २
	179	7	सं नि १–४–६
	179	10	अवतंसक–सूत्र ३३
	180	8	अवतंसक–सूत्र २४
	180	19	सुवर्णप्रभास –सूत्र ४
	181	7	अमितायुर्ध्यान–सूत्र
	181	10	सुखावतीव्यूह–सूत्र
	181	16	महापरिनिर्वाण–सूत्र
	182	9	म नि २–१६, चेतोखिल–सुत्त
	183	6	सुखावतीव्यूह–सूत्र खण्ड २
४	184	1	धम्मपद
	192	1	सं नि १–४–६
	192	14	अं नि
	192	18	महापरिनिर्वाण–सूत्र

संघ

अध्याय १

१	194	1	इतिवुत्तक १०० र म नि १–३ धम्मदायाद–सुत्त
	194	8	इतिबुत्तक ९२
	195	1	विनय, महावग्ग १–३०
	195	19	म नि ४–३९, महा अस्सपुर–सुत्त

खण्ड	पृष्ठ	पंक्ति	स्रोत
	197	3	म नि ४–४०, चूल अस्सपुर–सुत्त
	198	4	सद्धर्मपुण्डरीक –सूत्र १०
	198	11	सद्धर्मपुण्डरीक –सूत्र १०
	199	1	सद्धर्मपुण्डरीक –सूत्र १४
२	200	12	सं नि ५५–३७, महानाम–सुत्त
	201	1	अं नि ३–७५
	201	7	सं नि ५५–३७, महानाम–सुत्त
	201	12	सं नि ५५–५४, गिलायनाम–सुत्त
	201	17	अवतंसक–सूत्र २२
	203	8	महापरिनिर्वाण–सूत्र
	206	5	अवतंसक–सूत्र ७
	209	1	महामाया–सूत्र
	210	1	अवतंसक–सूत्र २१
	210	20	महापरिनिर्वाण–सूत्र
३	212	1	दी नि ३१, सिंगालोवाद–सुत्त
	217	7	अं नि २–४, समचित्त–सुत्त
	217	23	अं नि ३–३१
	218	7	जातक ४१७, कच्चानी–जातक
	220	1	दी नि, सिंगालोवाद–सुत्त
	220	11	धम्मपद अट्ठकथा १
	221	20	(बर्मेली टीप्पणीहरू)
	222	11	श्रीमालादेवी सिंहनाद–सूत्र

खण्ड	पृष्ठ	पंक्ति	स्रोत
अध्याय २			
१	225	1	महापरिनिर्वाण–सूत्र
	226	18	अं नि ३–११८, सोच्चेयन–सुत्त
	228	11	सं नि
	229	4	विनय, महावग्ग १०–१ र २
	229	11	दी नि १६, महापरिनिब्बान–सुत्त
	230	20	विनय, महावग्ग १०–१ र २
२	233	13	सं नि
	234	8	अन्तराभाव–सूत्र
	234	14	विमलकिर्तिनिर्देश–सूत्र
	236	1	महापरिनिर्वाण–सूत्र
	236	18	संक्षिप्त सुखावतीव्यूह–सूत्र
	237	3	सुखावतीव्यूह–सूत्र
	237	16	विमलकिर्तिनिर्देश –सूत्र
३	238	1	धम्मपद अट्ठकथा १
	238	8	अं नि ३४–२
	239	8	धम्मपद अट्ठकथा १
	240	5	अं नि ५–१
	240	10	मूल सर्वास्तिवाद–विनय संघभेदक वस्तु १०
	241	3	म नि ९–८६, अंगुलिमाल–सुत्त
	242	3	अं नि २६